बालबालिकालाई निमोनियाबाट जोगाऔं
निमोनियाबाट बालबालिकालाई बचाउन,
- नियमितरूपमा लगाइने खोपहरू लगाऔं ।
- आमाको दूधका साथै पोषणयुक्त थप आहार खुवाऔं ।
- धूलो, धूवाँ, चीसो तथा प्रदूषणबाट बचाऔं ।
- सरसफाइमा उचित ध्यान दिऔं ।
- सङ्क्रमण भएमा चिकित्सकसँग परामर्श गरौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
# प्रतीक
दैनिक
राष्ट्रिय 'क' वर्ग
eprateekdaily.com


निशुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

❖ वर्ष ३८ ❖ २०८१ कात्तिक ३० गते शुक्रवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 Noyember 15 Friday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ७७

# महिलाको लाठीले घाँटी थिचेर हत्याको आशङ्का
## ससुराली पक्ष फरार, घटनाको अनुसन्धान हुँदै

प्रस, परवानीपुर, २९ कात्तिक/
भारत, बिहार, पश्चिमी चम्पारण, कमली थाना पोस्ट सुगाहा भवानीपुर, सबैठवा बहुअर्वा माइती भई बिहार, पूर्वी चम्पारण, भेलाही थाना अन्तर्गतको पुरान्दरा बस्ने २२ वर्षीया पिङ्कीदेवीको हत्या भएको छ ।

गत नोभेम्बर १२ मङ्गलवारका दिन बिहानीपख उनको हत्या भएको माइतीपक्षले आरोप लगाएको छ । पर्सा, पकाहामैनपुर गाउँपालिका–१ धोरे बस्ने पिङ्कीका मामा ललन पटेलले दाइजोको कारण उनको ससुराली पक्षले हत्या गरेको आरोप लगाए । पिङ्कीको शङ्कास्पद मृत्यु भइसके तापनि प्रहरी, प्रशासनलाई खबर नगरी गुपचुपरूपमा लाश जलाउने तयारी गरिरहेका बेला पिङ्कीका मामा र आमाबुबा पुरान्दरा गाउँमा पुगेपछि गाउँमा भागाभाग भएको थियो ।

त्यसपछि भेलाही थानालाई जानकारी गराएपछि प्रहरीले शव नियन्त्रणमा लिएर शल्यपरीक्षणको लागि मोतिहारी लग्यो । तत्पश्चात् दाहसंस्कार गरिएको थियो । सो घटनामा पिङ्कीका पति वर्ष २६ का मुन्ना पटेल, सासू प्रेमी देवी, ससुरा भरत पटेल, गाउँले यमुना पटेल, सागर कुमार, पतिया देवीलगायतको संलग्नता रहेको आशङ्का गरिएको छ । घरमा झैंझगडा गरी लट्ठीले घाँटी थिचेर हत्या गरेको र घटना लुकाउन लाश जलाउने तयारी भइरहेको भेलाही थानाको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ ।


पिङ्कीको हत्या अनुसन्धान गर्दै भारतको भेलाही प्रहरी र पिङ्की । तस्वीरः प्रतीक

थानाका प्रहरीका अनुसार घटना शङ्कास्पद देखिएको र शल्यपरीक्षणको अन्तिम प्रतिवेदन अनुसार आवश्यक कानूनी कारबाई अगाडि बढाइने बताइएको छ । १८ महीना अगाडि धार्मिक रीतिरिवाज अनुसार पिङ्कीको बिहे मामाघर धोरेबाट धूमधामका साथ भएको थियो । पिङ्की र मुन्नाको आठ महीनाकी एक छोरी छ । मृतकको घरपरिवारले आवश्यक कारबाई अगाडि बढाइ दोषीलाई कानूनको दायरामा ल्याउन माग गरेका छन् ।



पिङ्की र मुन्नाको वैवाहिक तस्वीर ।

मुन्ना भारत, सुरतमा रोजगार गर्छन् र दाइजोमा सुनको सिक्री नदिएको र छोरी जन्मिएपछि पिङ्कीसँग झगडा गर्ने गरेको तथा ससुराली पक्षसँग पनि सम्बन्ध राम्रो नभएको बताइन्छ ।

# पर्सा र बाराका सात स्थानका शक्तिपीठमा पूर्णिमा मेला

नरेश यादव, पर्सागढी, २९ कात्तिक/
पर्सा र बारा जिल्लाका विभिन्न सातवटा शक्तिपीठमा बिहीवार बिहानैदेखि पूर्णिमाको मेला शुरू भएको छ । पर्सा जिल्लाको पश्चिम ठोरी गाउँपालिकादेखि पाँचवटा स्थानमा र पूर्व छिमेकी बारा जिल्लाका दुई स्थान कोल्हवी नगरपालिका र करैयामाई गाउँपालिकाका शक्तिपीठमा पूर्णिमा मेला लागेको छ ।

ठोरी गापाको बाघमोर्चामाई, पटेर्वासुगौली गापाको गादीमाई, जीराभवानी गापाको सुगीभारमाई, पर्सागढी नपाको कोइलाभारमाई र आमोदेवीमाईमा कार्तिक पूर्णिमाको मेला शुरू भएको छ । प्रत्येक वर्ष यो मेला कार्तिक पूर्णिमाको अवसरमा परम्परागतरूपमा लाग्दै आएको छ । सातैजना माई जङ्गल क्षेत्रमा रहेका छन् । बाराको करैयामाई गाउँपालिकाको करैयामाई र कोल्हवी नगरपालिकाको चोइलाभारमाई मन्दिरमा पनि प्रत्येक वर्ष कार्तिक पूर्णिमाको दिन मेला लाग्दै आइरहेको छ ।


पर्साको आमोदेवीमाई र बाराको करैयामाई मन्दिरमा लागेको मेला र राति बास बस्न बनाइएका झुपडीहरू । तस्वीरः प्रतीक

यो मेलामा खासगरी थारू समुदायका व्यक्तिहरू मन्दिर प्राङ्गणछेउमा रात्रिबासको लागि सानोतिनो छाप्रो बनाइ बस्ने गर्छन् । थारू समुदायका मानिसहरू विशेषतः यो पूजामा संलग्न भएपनि अन्य समुदायका मानिसहरूले पनि पछिल्लो समय पूजामा रुचि देखाउँदै आएका छन् । मेला भर्नको लागि पर्सा, बारा, रौतहट र भारतका विभिन्न क्षेत्रबाट लाखौंको सङ्ख्यामा भक्तजनहरू आउने गर्छन् ।

सातवटा ठाउँमा रहेका देवीहरू दिदीबहिनी भएका हुनाले कार्तिक पूर्णिमाको मेला यी सातै ठाउँमा एकै दिन लाग्ने गरेको स्थानीयहरू बताउँछन् । सातवटै देवी सत्ययुगमा एकै ठाउँमा बसेका तर पछि अन्य कारणले अन्य ठाउँहरूमा गएर बसेको किंवदन्ती छ ।

आज बिहानदेखि शुरू भएको मेला भोलि कार्तिक पूर्णिमासम्म चल्ने गर्छ । कार्तिक पूर्णिमामा स्नान गरेर पूजा गरेपछि मधेसमा मांसाहारी भोजन शुरू हुन्छ । यस अघि दशैंदेखि कार्तिक पूर्णिमा नबितेसम्म मधेसका महिलाहरू शाकाहारी भोजन गर्ने र मांसाहारी भोजन कार्तिक स्नानपछि शुरू गर्छन् । मेलामा राति भीड हुने गरेको पर्सागढी नपाका वडाध्यक्ष सुकमान तामाङले बताए ।

# आसमान नेपालको मधेस प्रदेशमा सञ्चालित परियोजनाको अनुगमन

प्रस, पोखरिया, २९ कात्तिक/
आसमान नेपालद्वारा मधेस प्रदेशका आठ जिल्लामा सञ्चालित परियोजनाहरूको अनुगमन शुरू भएको छ ।

यही कात्तिक २५ गतेदेखि पर्सा र बाराबाट शुरू भएको अनुगमन हिजो बुधवार रौतहटको चन्द्रपुर र आज बिहीवार सप्तरीको राजविराजमा भयो ।

आसमान नेपालद्वारा पर्सा, बारा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा, सिराहा र सप्तरी जिल्लामा शिक्षा, जनचेतना, तालीम, प्रशिक्षण र रोजगार व्यवसाय लक्षित परियोजनाहरू सञ्चालनमा छन् । सञ्चालित परियोजनाहरूको अवस्था र उपलब्धिबारे अनुगमन भइरहेको बताइएको छ । यसैगरी, परियोजनामा आइपरेका समस्याहरू र सोको निराकरण कसरी गर्ने भन्नेबारेमा पनि अनुगमनकर्ताहरूले रुचि देखाएका थिए । आसमान नेपालद्वारा पर्सा जिल्लाका १४ वटा पालिकामा रहेका सामुदायिक विद्यालयहरूमा प्रारम्भिक शिक्षा सिकाइ कार्यक्रम सञ्चालनमा छ । यसैगरी, पाँचवटा परियोजना १२ वटा पालिकामा सञ्चालनमा छन् । सिकाइलाई निरन्तरता गरौं, बालिकालाई पछाडि नपारौं, सशक्त महिला समृद्ध नेपाल, समतामूलक समावेशी शिक्षा परियोजना वीरगंज महानगर, पोखरिया, पर्सागढी र बहुदरमाई नपा तथा विन्ध्यवासिनी, सखुवाप्रसौनी, पटेर्वासुगौली, जीराभवानी, ठोरी, जगरनाथपुर, पकाहामैनपुर, छिपहरमाई, धोबिनी र कालिकामाई गापाहरूमा सञ्चालित छन् ।



अनुगमनमा आसमान नेपालका कार्यकारी निर्देशक नवलकिशोर यादव, कोषाध्यक्ष रेखा यादव, सुशासन प्रमुख गुरुप्रसाद सुवेदी, कार्यक्रम प्रबन्धक मणिराम आचार्य, शिक्षा विभागका रामविनय सिंह, सेफ द चिल्ड्रेनका कार्यक्रम व्यवस्थापन चन्द्रेश्वर साह, आसमान नेपाल पर्साका कार्यक्रम प्रबन्धक सावन यादव, अस्मिता शर्मालगायतको सहभागिता थियो । कात्तिक २५ गतेदेखि शुरू भएको अनुगमन कात्तिक ३० गते सप्तरीमा पुगेर समापन हुने बताइएको छ ।

भोलि शुक्रवार सिराहा र पर्सि मङ्सिर १ गते जनकपुरमा अनुगमन हुने जनाइएको छ ।

## सापकोटा पक्राउ

प्रस, पंचगावाँ, २९ कात्तिक/
जिल्ला प्रहरी कार्यालय, पर्साले विप्लव समूहका अमृत सापकोटालाई बुधवार राति पक्राउ गरेको छ ।

गोर्खा जिल्ला घर भई पर्सागढी नगरपालिका–८ टाँडीमा बस्दै आएका सापकोटालाई हिजो राति पक्राउ गरिएको प्रहरी उपरीक्षक कुमोद ढुङ्गेलले पुष्टि गरे । उनले विप्लव समूहको नाममा विभिन्न व्यक्तिहरूसँग चन्दा माग गरेको र धम्की दिएको कसूरमा सापकोटालाई पक्राउ गरिएको बताए ।

# आँखा अस्पताल सञ्चालनले सहज, सरल उपचार पाउने विश्वास

जीतलाल श्रेष्ठ, निजगढ, २९ कात्तिक/
निजगढ नगरपालिका–९ मा निजगढ तिलगङ्गा सामुदायिक आँखा अस्पतालले बुधवारदेखि नयाँ भवनबाट सेवा शुरू गरेको छ । हिजो अस्पतालले आयोजना गरेको कार्यक्रमका प्रमुख अतिथि एवं मधेस प्रदेशका मुख्यमन्त्री सतीशकुमार सिंहले सो अस्पतालको उद्घाटन गरेसँगै नयाँ भवनबाट सेवा सञ्चालन शुरू भएको हो ।




उद्घाटन कार्यक्रममा मुख्यमन्त्री सिंहले मधेस प्रदेशमा अत्याधुनिक प्रविधिसहितको सुविधासम्पन्न आँखा अस्पताल निर्माण भएकोमा खुशी व्यक्त गरे । उनले अस्पतालको भवन र पूर्वाधार जति भव्य अनि आधुनिक छ, सेवाग्राहीलाई त्यति नै सहज, सरल, गुणस्तरीय सेवा प्रदान गर्न अस्पतालका प्राविधिक र व्यवस्थापन पक्षको ध्यान निरन्तर रहिरहनुपर्ने बताए ।

"भवन जति ठूलो र आकर्षक छ, त्योभन्दा अस्पतालले उपलब्ध गराउने सेवा र सुविधा ठूलो हुनुपर्छ"–मुख्यमन्त्री सिंहले भने ।

कार्यक्रममा नेपाल आँखा कार्यक्रम तिलगङ्गा आँखा प्रतिष्ठानका कार्यकारी निर्देशक एवं विश्वप्रसिद्ध आँखा विशेषज्ञ डा सन्दुक रुइतले निजगढस्थित यस अस्पतालबाट दैनिक तीन सयदेखि छ सय आँखाका बिरामीले लाभ लिन सक्ने आफूले अपेक्षा लिएको बताए । अस्पतालबाट मधेस प्रदेशसहित तराईका

(बाँकी अन्तिम पातामा)

**खुला डाँक बढाबढद्वारा पोखरीको टेन्डरको सूचना**

धोबिनी गाउँपालिकाको वडा नं ५ धोबिनीमा रहेको धोबिनी पोखरीको खुला डाँक बढाबढद्वारा (टेन्डर) ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ठेक्का सकार गर्ने इच्छुक व्यक्ति वा इजाजतप्राप्त फर्म/कम्पनी/संस्थाले रीतपूर्वक निवेदन पेश गर्न सात दिने सूचना प्रकाशित गरिएको छ ।

**न्यूनतम मूल्याङ्कन रु ५६,७०,०००/-**

***नोटः विशेष जानकारीको लागि धोबिनी गाउँपालिकामा सम्पर्क गर्नुहोला ।***

## विचारसार र सूक्तिहरू

**बहादुर मानिस त्यो होइन जो डराउँदैन, बहादुर त्यो हो जसले भयमाथि विजय प्राप्त गर्दछ ।**

**–नेलशन मन्डेला**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आरके पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: eprateekdaily.com


# सुधारगृह

**नेपालमा कारागारको प्रचलित परिभाषा सुधारगृह हो । जहाँ अपराधीलाई सुधार गरी समाजमा पुनर्स्थापित गर्नुपर्छ। विडम्बना, नेपालका कारागारहरूमा सुधारको स्थानमा अपराधको कारोबार फस्टाउँदो छ । हालै सिराहाको कारागारभित्रै कैदीहरूले मदिरासेवन गर्नेदेखि लागूऔषधको कारोबारसम्मका गतिविधि सार्वजनिक भयो। यस्ता घटनाले सुधारगृहको वास्तविकता उजागर गरेको छ। कारागारभित्रै देखिएका यस्ता गैरकानूनी, अनैतिक क्रियाकलापले व्यवस्थापनको कमजोरी र कानून कार्यान्वयनको चुस्तता माथि प्रश्नचिह्न खडा गरेको छ । सिराहा कारागारको घटना मात्र होइन, यस अघि पनि मुलुकका विभिन्न कारागारमा मदिरा, लागूऔषध, मोबाइल, क्यामेरा जस्ता प्रतिबन्धित वस्तुहरू सजिलै प्रवेश गरेको पाइएको छ। चर्चित अपराधी चार्ल्स शोभराजले सङ्घीय राजधानी काठमाडौंस्थित नक्खु कारागारमा रहँदा मोबाइल र क्यामेराको प्रयोग गरी सञ्चारमाध्यमलाई अन्तर्वार्ता दिएको घटनाले चर्चा पाएको थियो । यस्ता घटनाहरू दोहोरिरहनुले हाम्रो कारागार व्यवस्थापन अपराधीको नियन्त्रणमा त छैन ? प्रश्न उठेको छ ।**

**नेपालको कारागार ऐनले कैदीहरूलाई सुधार गर्ने जिम्मा कारागार प्रशासनलाई दिएको छ, तर कानूनी व्यवस्था र नैतिक मर्यादाको पालना गर्नेतर्फ कारागार प्रशासन असफल देखिन्छ । यस्ता घटनाहरू मुख्यतः अनुगमन र सुरक्षाको कमजोरीका प्रतिफल हुन्। मदिरा, चुरोट, सुर्ती, लागूऔषध जस्ता वस्तुहरू कारागार प्रवेश गर्नुमा प्रहरी, प्रशासन र कारागार प्रशासनकै मिलेमतो रहेको शङ्का गर्नुपर्ने अवस्था आउँछ । कानूनको पालना र निगरानीको कमजोरीले यस प्रकारका क्रियाकलापलाई प्रोत्साहन मिलेको हो । प्रजिअ, प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेनाको संयुक्त टोलीले सिराहा कारागारमा गरेको अनुगमनले प्रतिबन्धित केही वस्तुहरू बरामद गरेको भएपनि, यो घटनामा संलग्नहरूको पहिचान र कारबाईमा ठोस कदम चालिएको देखिंदैन। प्रमाण फेला पसिसकेपछि त्यो कसैको कमजोरीले भएको भन्ने स्पष्ट छ। जिम्मेवार पक्षका अधिकारी वा व्यक्तिलाई तत्कालै कारबाई हुनुपर्ने हो। कारागार व्यवस्थापन विभागले जिल्ला प्रशासन कार्यालयलाई छानबीनको निर्देशन पठाएर मात्र जिम्मेवारी सकिंदैन । कारागार प्रशासनले गरेको चूक र संलग्नको मिलेमतोबारे पनि छानबीनका साथै कडा दण्ड, सजाय आवश्यक छ।**

**हरेक अपराधीलाई समात्न आयोग र छानबीन समिति नै गठन गरिरहने हो भने न्यायमा विलम्ब हुनुका साथै अपराधीको मनोबल बढ्छ। परिणामस्वरूप कारागारमा सुधार्नुको सट्टा थप अपराधको सञ्जाल विस्तार गर्ने अवसर मिल्छ। कैदीलाई कानूनले तोकेको सीमाभित्र राख्न नसक्नु केवल व्यवस्थापनको कमजोरी मात्रै होइन, यो न्यायप्रणालीप्रतिको जनताको विश्वासमा पनि प्रहार हो। कारागारहरू सुधारगृह बनेका छन् कि अपराधको अड्डा ? भन्ने प्रश्नले अब हामीलाई झस्काउन थालेको छ । सुधार गर्ने नै हो भने सर्वप्रथम कारागारका नियमहरूको कडा पालना हुनुपर्छ । नियम उल्लङ्घन गर्ने उपर कडा कारबाई हुनुपर्छ ।  यस निम्ति कडा निगरानी र नियमित अनुगमन जरुरी छ। निगरानीका लागि आधुनिक उपकरणहरूको प्रयोगमा पनि ध्यान दिनुपर्छ। साथै अकर्मण्य कर्मचारीमाथि शून्य सहनशीलता अपनाउनुपर्छ।**

# नेपालः हाम्रो वैदेशिक सम्बन्ध

स्वतन्त्र विचार



विनोद गुप्ता

**परम्पराविपरीत भारत नगएर चीन गएको आधारमा, चीनले भारतको साथ छोडे नेपालको समूल विकास गर्ने, भन्ने वाचाको परीक्षण हुनेछ। चीन भ्रमणको नतीजा नआउँदै भारतले नेपालबाट भारत निर्यात हुने वस्तुमध्ये प्लाइउडबाहेक अन्य सबैमा गुणस्तर परीक्षणको अत्तो थापिसकेको छ।**

नेपालको लागि दुई छिमेकी भारत र चीनका साथै अमेरिका र बेलायतसँगको सम्बन्धले विशेष प्रभाव रहिआएको छ । जहाँसम्म नेपालको भारतसँगको सम्बन्ध छ यो जनस्तरमा सुमधुर भनिए पनि वास्तवमा जनस्तरमा मधेसको र पहाडी भूभागका नेपाली बासिन्दाहरूको सम्बन्ध फरक खालको छ। आजको नेपालमा पहाडवासीहरू भारतसँगको सम्बन्धलाई नाकाबन्दीको पृष्ठभूमिमा हेर्दछन् भने समाजको चिल्लो वर्ग भने सन्तुलित सम्बन्धमा विश्वास गर्दछन्। दक्षिण सीमावारीहरूको सम्बन्ध भने बेटी–रोटीको भने पनि अचेल भारतीयहरूले बुहारी लिएर जाने तर छोरी नपठाउने सोच राखेको सजिलै हेर्न बुझ्न सकिन्छ।

तर आउँदा दिनहरूमा भएको मधेससँगको मधुर सम्बन्धमा समेत चिरा पर्ने सम्भावना देखा पर्न थालेको छ । भारतले मधेसको आठ जिल्लाबाट बग्ने नदीहरूमा करीब १२ स्थानमा बाँध बनाएको छ। जसबाट सुक्खायाममा पूरा पानी लैजाने र वर्षायाममा नेपाली क्षेत्रलाई डुबानमा पार्ने गरी बाँध व्यवस्थापन गर्ने गरेकोले यस भूभागको खेतीपाती नष्ट हुँदै गएकोले ग्रामीण भेगको प्रभावित क्षेत्रको आर्थिक अवस्था खस्किंदै गएको बुझिन्छ । सरकारी स्तरमा भने सम्बन्ध सधैं उतारचढावले युक्त छ।

हालसालैको कुरा गर्ने हो भने पनि प्रचण्डकालमा १० हजार मेगावाट बिजुली १० वर्षमा किन्न तयार भएर भारतले देखाएको उदारतामा केपी ओलीको सरकार बनेपछि विद्युत्मा कायमै रहे पनि हालसालै विस्फोटक आपूर्तिमा देखाएको अरुचि र कृषि पैदावार खासगरी अलैची, अदुवा र चियामा समय–समयमा बाधा तेर्स्याएर आफ्नो अरुचि प्रकट गरेको बुझ्न सकिन्छ। अरू त अरू नेपालको विदेशमन्त्रीलाई दिल्लीमा दिएको सम्मानपूर्ण आतिथ्यलाई पूर्व परराष्ट्रमन्त्री नारायण खड्काले त हाम्रो प्रधानमन्त्रीलाई व्यङ्ग्य गरेको भनाइ सार्वजनिक गरेका छन् । हुन पनि हो, पहिलोपटक हाम्रो परराष्ट्रमन्त्रीले दिल्लीमा मोदीलाई नेपाल भ्रमणको निम्तो दिंदा र दोस्रोपटक संयुक्त राष्ट्र सङ्घमा सम्बोधनको लागि गएका हाम्रा प्रम ओलीसँग मोदीको साइडलाइन वार्तामा स्वयं प्रम ओलीले नेपाल भ्रमणको निम्तो दिंदा कूटनैतिक शिष्टाचार अन्तर्गत समकक्षीलाई पनि आमन्त्रित गर्ने परम्पराविपरीत ओलीलाई भारत भ्रमणको निम्तो आएन।

यस घटनाले सरकारीस्तरको हालको नेपाल–भारत सम्बन्ध सामान्य रहेको सङ्केत गर्दैन। त्यसैले होला हाम्रा प्रम पनि पहिलो भ्रमण भारत भन्ने परम्परा तोड्दै चीन भ्रमणमा जान लागेका हुन्। यो उनको बाध्यता पनि हो र कूटनैतिक चातुर्य पनि । यसबाट निर्वाचन ८४ मा उनले पहिलेजस्तै राष्ट्रियता र स्वाधीनताको कुरा उठाएर एमालेलाई राजनैतिक लाभ दिलाउने रणनीति बनाएको बुझिन्छ। गोर्खा भर्ती र दुईपटकको नाकाबन्दीको दुष्प्रभावबाट प्रभावित पहाडका बासिन्दाबाट उनलाई पहिलेजस्तै ठूलो समर्थन पाउन सक्ने देखिन्छ।

अर्कोतर्फ हाम्रा छिमेकी राष्ट्र चीन विश्वमैं ठूलो एवं शक्तिशाली राष्ट्रको रूपमा स्थापित छ । तर नेपालसँग सम्बन्धबारे कुरा गर्दा भारतको ठाउँमा चीन नेपालको पक्षमा उभिन सक्ने देखिंदैन। चीनले लिपुलेक, कालापानी, लिम्पियाधुराका सम्बन्धमा नेपाललाई जानकारी नदिई भारतसँग त्रिदेशीय बिन्दु निर्धारण गरिसकेको र भारतससँग लिपु भञ्ज्याङ हुँदै व्यापार वृद्धि गर्न सम्झौतासमेत गरिसकेकोले उसले यस विषयमा मौन धारण गरेको पाइन्छ। नेपालको परराष्ट्र मन्त्रालयले पठाएको सीमासम्बन्धी कूटनैतिक नोटबारे एकतर्फी रूपमा कुनै सीमा विवाद नभएको भनी गत जूनमा गरेको निर्णय पनि सार्वजनिक भइसकेकै छ। यस्तोमा चीन नेपाललाई बिआरआई नेटवर्क अन्तर्गत ल्याउन चाहन्छ, जसको लागि सम्झौता सम्पन्न हुनु अघि नै पोखरा विमानस्थललाई बिआरआई परियोजना हो भनिदियो।

चीनको ठूलो दुःखेसो भनेकै एमसिसी परियोजना हो । उसले स्पष्टरूपमा नेपालले एमसिसी परियोजना खारेज गरेर बिआरआईमा आउँदा नेपालको विकासको ग्यारेन्टी चीनले लिने र भारतको छत्रछात्रा नछोड्दासम्म नेपालको आर्थिक विकास नहुनेजस्ता कूटनैतिक मर्यादा बाहिरका कुराहरू बारम्बार दोहोऱ्याउँदै आएको छ। यस्तोमा भारतको तुलनामा चीन राम्रो छिमेकी भन्न सकिने अवस्था छैन । नाकाहरू सञ्चालनमा उसले पनि पटक–पटक बाधा ल्याउने गरेकै छ। अहिले नै कुनै एक नाकामा टाइमकार्ड प्रणाली लगाएको कारण उत्तरी सीमावर्ती क्षेत्रका नेपाली जनता चीनको सीमावर्ती क्षेत्रमा किनमेल गरी नेपाल फर्किन छ घण्टा लाग्ने व्यवस्था मिलाएको छ।

अब कुरा गरौं अमेरिका र बेलायतको। बेलायतससँगका सम्बन्धको आधारशीला राजतन्त्र थियो। नेपालबाट त्यसको समााप्तिपश्चात् स्वभावतः यो सम्बन्धको स्तर, विशेषबाट सामान्यमा झरेको छ । प्रजातन्त्र बहालीपछिको अवधिमा दुई देशबीच उच्चस्तरीय भ्रमणको आदानप्रदानसमेत भएको पाइँदैन। तर इतिहासले भन्छ भारततर्फबाट नेपाललाई हुन सक्ने खतराको सङ्केत टार्न नेपालको पहलमा बेलायतले अमेरिकासँग दौत्य सम्बन्ध स्थापना गराउन मदत गरेको हो । त्यसपछि देखि नै औंलो उन्मूलन र पिसकर्प्स हुँदै यो सम्बन्ध एमसिसीसम्म आइपुगेको हो । तर यो सम्बन्ध पनि निस्स्वार्थ भने छैन। सोभियत सङ्घको विघटनपश्चात् विश्वको एकमात्र शक्तिको रूपमा उदाएको अमेरिका, चीनको शक्तिशाली उदय देखेर चिन्तित र दक्षिण एशियामा उसको प्रभाव नबढोस् भन्ने चाहन्छ । पाकिस्तानसँग अत्यन्त राम्रो सम्बन्ध राखेको अमेरिका, पाकिस्तानले चीनसँग मिलेर इकोनोमिक करिडर बनाउने र श्रीलङ्काको ह्यावनटोटा बन्दरगाह चीनको कुचक्रमा परेपछि भारतसँग सम्बन्ध सुधार गर्ने बाध्यतामा परेको अमेरिकाले नेपाललाई स्वतन्त्र तिब्बत आन्दोलन चलाउन प्रयोग गरिरहेको कसैसँग लुकेको छैन। हामीले एमसिसी स्वीकार गऱ्यौं । यसबाट नेपालमा उत्पादित बिजुली सहजरूपमा नेपालभरि वितरण हुनुका साथै भारतमा समेत निर्वाधरूपमा निर्यात गर्न सकिने छ, जसबाट देशको व्यापार घाटा नियन्त्रणमा रहनुका साथै आर्थिक विकाससमेत सम्भव हुनेछ।

चीन पनि छिमेकी हो, हामीले बिआरआई लिंदा अनुदान वा अन्य वित्तीय संस्थाहरूले दीर्घ समय र न्यून ब्याजदरमा स्वीकार गर्न पछि पर्नुहुँदैन तर चीनले यो शर्त मान्ने सम्भावना न्यून छ किनभने नेपाललाई यो सहुलियत दिनासाथ बिआरआई सम्बन्ध अन्य राष्ट्रहरूले पनि यो सुविधा माग्न सक्छन्। हाम्रा प्रमले पनि पहिले भएका सन्धि सम्झौतामा यो भ्रमण केन्द्रित हुने बताइसकेका छन् । सत्तामा नेकासमेत भएकोले त्यसको सहमतिविना बिआरआई चीनकै शर्त मानेर कार्यान्वयन सम्भव देखिंदैन । तर प्रम ओलीले आफ्नो भ्रमणको दौरान कुनै ठूलो आयोजना अनुदान वा सहुलियतपूर्ण ब्याज र अवधिमा ल्याउन प्रयास भने पक्कै गर्नेछन् किनभने गरीब राष्ट्र भएकोले कसले कुन भ्रमणमा कति ल्यायो भन्ने आधारमा भ्रमणको सफलता आँक्ने हामीलाई बानी परिसकेको छ । अर्कोतर्फ परम्परागत रूपमा भारत नगएर आफू चीन आएको आधारमा चीनले भारतसँगको साथ छोडे नेपालको समूल विकास गर्ने भनी दिइरहेको वाचाको परीक्षणसमेत हुनेछ। चीन भ्रमणको नतीजा नआउँदै भारतले नेपालबाट भारत निर्यात हुने वस्तुमध्ये प्लाइउडबाहेक अन्य सबैमा गुणस्तर परीक्षणको अत्तो थापिसकेको छ।

# प्रभुकृपाको पात्र बनौं

गुरु नानकदेव मुल्तानपुर लोधीदेखि लामो यात्रा तय गरेर सैदपुर पुगे। त्यहाँ लालो नाम गरेको एकजना बढईसँग, बजारमा लकडीले बनाइएका सामानहरू बेचिरहेको बेला, भेट भयो । लालो स्वभावले निकै सज्जन र उदार थिए र साधु–सन्तहरूको सदैव सेवा गरिरहन्थे।


लालो गुरु नानकदेवजस्ता सन्तलाई देखेर निकै प्रसन्न भए र उनलाई आफूकहाँ बस्ने आमन्त्रित गरे। लालोको पवित्र भाव देखेर गुरु नानकले उनको निमन्त्रण स्वीकार गरे र भाइ मरदानाका साथ लालोको घर पुगे।

गरीब र बढई जातिको भएको हुँदा मानिस लालोलाई हेय दृष्टिले हेर्दथे, तर लालो वास्तवमा कठोर परिश्रम गरेर जीविकोपार्जन गर्ने र यथासम्भव अरू, गर्जो परेका व्यक्तिहरूका लागि सेवा हेतु तत्पर रहने नितान्त इमानदार, सच्चा, उदार र भला मानिस थिए।

गुरु नानकदेव पहिलो दृष्टिमा नै लालोका यी सद्गुणहरू देखेर रिझिएका थिए र उनको घर आएका थिए। गरीब लालोले गुरु नानकदेवको यथासम्भव बडो श्रद्धा–भक्तिले सेवा गरे । उनलाई साधारण मोटो अन्न, बजराको रोटी र साग इत्यादिको भोजन गराए।

लालोका यी रुखासुखा व्यञ्जनमा पनि मरदानाले स्वादिष्ट व्यञ्जनजस्तै आनन्द पाए। अनि भाइ मरदानाले गुरु नानकदेवसँग प्रश्न गरे कि लालोले पस्केको भोजन हेर्दा जति नीरस लाग्दथ्यो, खाँदा त्यति नै स्वादिष्ट कसरी भयो ?

नानकदेवले भने–“मरदाना ! यी व्यक्तिको हृदयमा अगाध प्रेम छ, यिनी



सच्चा र इमानदार छन् तथा कठोर परिश्रमले आजीविका अर्जित गर्दछन्। त्यसै हुनाले यिनले पस्केको भोजनमा प्रभु कृपाको तत्त्व बर्सेको छ।” कुराको भेउ पाएपछि मरदाना सन्तुष्ट भए । गुरु नानकदेव केही दिन लालोकहाँ बसे र मरदानाका साथ कीर्तन तथा सङ्गत गरिरहे।

उनको कीर्तन तथा सङ्गतबाट प्रभावित भएर त्यहाँ हजारौं मानिस आउन थाले र आफ्नो आध्यात्मिक जिज्ञासाको समाधान, नानकदेवसँग प्राप्त गरिरहे र तृप्त भइरहे । जाति, पंथ, सम्प्रदाय, धर्मभन्दा पर नानकदेवको उपदेश सबैलाई रुचिकर लाग्दथ्यो र लोभिन्थे। नानकदेव एकजना बढईको घरमा बसेका छन् र त्यहीं भोजन पनि ग्रहण गर्दछन्–यस्तो थाहा पाएर छुआछूतमा विश्वास गर्ने केही ब्राह्मणहरूलाई सार्है नराम्रो लाग्यो।

उनीहरूले सोचे यदि नानकदेवद्वारा प्रचारित प्रणालीले वर्ग र जातिविहीन समाज अस्तित्वमा आयो भने उनको रोजीरोटी त खोसिन्छ। अतः स्वार्थवश नानकजीलाई अपमानित तथा क्षति पुऱ्याउने ताकमा रहन थाले। यद्यपि त्यो वर्ग गुरु नानकदेवको विचारधाराको कटु आलोचक थियो, तर चाहेर पनि नानकदेवका प्रवचनहरूमा निहित त्यस सत्य–ज्ञानलाई भूटो साबित गर्न सकिरहेको थिएन जसमा उनले सहज, सरल, पवित्र तथा बन्धुत्वले पूर्ण जीवन जिउने कला सिकाइरहेका थिए।

उनी जाति, वर्ण, पंथ तथा सम्प्रदायको आधारमा मानिस–मानिसबीच छुआछूत र घृणालाई मानवताप्रति अपराध र अधर्म बताइरहेका थिए तथा अरूहरूलाई यस्ता अपराध तथा अधर्मबाट टाढा बस्न प्रेरित गरिरहेका थिए । तिनताक मलिक भागो नामका एकजना स्थानीय प्रतिष्ठित अधिकारीले, जो भ्रष्टाचार गरेर निकै धनवान् बनेको थियो, आफूकहाँ ब्रह्मभोजको आयोजन गऱ्यो, जसमा उसले अन्य मानिसहरूका साथै साधु–सन्तहरूलाई पनि आमन्त्रित गऱ्यो। उसको विश्वास थियो कि यज्ञको पूर्णता तथा सफलताका लागि कोही पनि साधु–फकीर भोजन गर्न शेष रहनुहुन्न।

उसको यज्ञ गराउने मुख्य पुरोहितले उनको कान भर्दै भने–“नगरमा नानक नामका एकजना साधु धेरै दिनदेखि एकजना निम्न जातिका व्यक्तिको घरमा बसेको छ र उपदेश दिने गर्छ। उसले त धर्म–कर्म सबै भ्रष्ट पारेको छ। तपाईंको यज्ञमा आउन उसलाई निम्ता दिइएको थियो, तर ऊ आएन। ऊ भन्दछ तपाईंको यो यज्ञ त वास्तवमा बडप्पन प्रदर्शनमात्र हो, धर्म होइन।” अहङ्कारवश मलिकले भन्यो–“यदि यस्तो हो भने त्यसलाई जबरजस्ती भए पनि मेरा सामु उपस्थित गराऊ।”

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४४८

# अर्थ - उद्योग - वाणिज्य

## बेरोजगारी : गम्भीर आर्थिक तथा सामाजिक समस्या

अर्थविशेष



विश्वराज अधिकारी
akoutilya@gmail.com

**राष्ट्रिय बेरोजगारी समस्यालाई सामान्य किसिमको समस्या ठान्नु महाभूल हुनेछ। यो समस्याको तत्काल समाधान खोज्न आवश्यक छ। सङ्घीय र प्रान्तीय सरकारहरूले यो विषयलाई अति गम्भीरतापूर्वक लिन आवश्यक छ। यो समस्याको समाधानको लागि तत्काल प्रभावकारी योजना तथा कार्यक्रम घोषणा गर्न आवश्यक छ।**

नेपालीहरू अहिले दुई कारणले गर्दा विदेश पलायन भइरहेका छन्। पहिलो कारण बेरोजगारी हो भने दोस्रो कारण उच्च शिक्षा। अर्थात् स्वदेशमा रोजगार नभएर तथा उच्च शिक्षाका लागि नेपालीहरू अहिले ठूलो सङ्ख्यामा विदेशतर्फ लागिरहेका छन्। विदेशमा राम्रो रोजगार र उचित उच्च शिक्षा पाउने आशामा प्रत्येक दिन ठूलो सङ्ख्यामा नेपालीहरूले स्वदेश–त्याग गरिरहेका छन्। यस्तो अवस्था आर्थिक मात्र होइन, सामाजिक समस्या पनि हो। र ज्यादै गम्भीर सामाजिक समस्या हो। उच्चा शिक्षाका लगि ठूलो सङ्ख्यामा नेपालीहरू विदेशतर्फ लागिरहेको स्थिति पनि रोजगारसँग नै सम्बन्धित छ। नेपालको शिक्षाले रोजीरोटी पाउन सम्भव नहुने तर विदेशमा प्राप्त शिक्षाले रोजगार उपलब्ध गराउन महत्त्वपूर्ण भूमिका खेल्ने विश्वासले ठूलो सङ्ख्यामा नेपालीहरू विदेश पलायन हुन बाध्य पारिरहेको छ। यसरी समग्रमा हेर्दा वर्तमान सन्दर्भमा नेपालीहरू ठूलो सङ्ख्यामा विदेश पलायन हुनुको प्रमुख कारण बेरोजगारी नै हो। नेपालीहरू विदेश पलायन हुनुका अनेक अन्य कारण पनि नभएका होइनन्। अन्य विभिन्न कारणहरूले पनि नेपालीहरूलाई ठूलो सङ्ख्यामा विदेश जान बाध्य पारिरहेको छ, प्रेरित गरिरहेको छ। तर सर्वाधिक महत्त्वपूर्ण कारण बेरोजगारी नै हो। बेरोजगारी बस्नुपर्ने अवस्थाले उत्पन्न गरेको चरम निराशा हो। गएको पचास वर्षयता नेपालीहरूमा यस्तो ठूलो एवं घातक निराशा देखिएको थिएन।

केवल समस्या तेर्स्याएर हुँदैन। समाधन पनि दिनुपर्छ। समाधान दिने मात्र होइन, समाधानको लागि आआफ्नो तर्फबाट हामीले सक्रिय योगदान पनि पुऱ्याउनुपर्छ। नेपालमा देखिएको अहिलेको यो भयावह बेरोजागारी र त्यसले उत्पन्न गरेको चरम निराशा केवल सरकारको मात्र समस्या होइन। प्रत्येक नागरिकको पनि समस्या हो। सरकार माध्यम मात्र हो। विकासको कर्ता जनता नै हो। त्यसकारण, अर्को किसिमले हेर्दा, यो जनताको समस्या हो।

बेरोजगारी समस्या समाधान गर्न सङ्घीय सरकारले तत्काल 'राष्ट्रिय रोजगार नीति' ल्याउन आवश्यक छ। र त्यो राष्ट्रिय रोजगार नीतिमा कृषि सम्बन्धी विशेष किसिमका योजना तथा कार्यक्रमहरू समाविष्ट गरेर तिनको तत्काल कार्यान्वयन आवश्यक छ।

कृषि उत्पादकत्वमा वृद्धि गरेर कृषिलाई प्रमुख रोजगारको क्षेत्र तुल्याउन र यस क्षेत्रमा तत्काल लाखौंलाई रोजगार उपलब्ध गराउन सरकारले अनुदान (Subsidy) दिन आश्वयक छ। पशु पालन, फलफूल एवं तरकारी खेती, अन्डा, मासु एवं माछा उत्पादनजस्ता क्षेत्रमा सरकारले कृषक वा उत्पादकहरूलाई अनुदान दिएर भए पनि सहयोग गर्न आवश्यक छ। उत्पादन क्षेत्रमा सक्रिय भएर लाग्न उनीहरूलाई उत्प्रेरित गर्न आवश्यक छ। कृषि क्षेत्रलाई बढी उत्पादन र रोजगारमुखी तुल्याउन सरकारले कृषहरूलाई तत्काल 'उत्पादन अनुदान' दिन आवश्यक छ।

यसैगरी खाद्यान्न उत्पादन वृद्धि गर्न सरकारले निजी एवं साङ्गठिक क्षेत्रहरूलाई आह्वान गर्न आवश्यक छ। प्रोत्साहन गर्न आवश्यक छ। देशमा रोजगार सङ्कट देखियो भनेर यसको समाधानको लागि निजी क्षेत्रलाई विभिन्न किसिमका कार्यक्रमहरू लिएर आउन सरकारले अपील गर्न आवश्यक छ।

नेपालका कृषकहरूले भारतका कृषकहरूसँग लागत एवं प्रविधिको क्षेत्रमा प्रतिस्पर्धा गर्न नसकेर उत्पादन लागत कम गर्न असमर्थ भएकाले नेपाली कृषकहरूलाई सङ्घीय सरकारले संरक्षण प्रदान गर्न उनीहरूलाई अनुदान दिन आवश्यक छ। यसैगरी जुनजुन कुराको उत्पादनमा नेपाली कृषकहरूलाई अनुदान दिइएको हो ती कुराहरू यदि भारत वा अन्य मुलुकबाट आयात गरिएको छ भने नेपाल सरकारले आयात शुल्क (भंसार शुल्क) वृद्धि गर्न आवश्यक छ। हरेक उपभोग्य वस्तु भारतबाट ठूलो परिमाणमा नेपाल आयात गर्ने परिपाटी निरुत्साहित पार्न अति आवश्यक छ। हामीले आफ्नो उत्पादन न्यून पारेर आयातमा अभूतपूर्व वृद्धि गरेका छौं। नेपाललाई भारतको सुरक्षित एवं लाभदायक बजारको रूपमा परिणत गरेका छौं।

हामीले कृषि उत्पादन वृद्धि गर्ने हो भने निश्चितरूपले रोजगारको स्तर बढाउन सक्छौं। नेपालमा अनेक रोजगार सृजना गर्न सक्छौं। आवश्यक नीति र संरक्षणको अभावमा हाम्रो कृषि क्षेत्र पछाडि परेको हो। रोजगार सृजना तीव्र गतिमा गर्न असफल भएको हो।

नेपालमा रोजगार वृद्धिका लागि सरकारले गर्नुपर्ने अर्को महत्त्वपूर्ण कार्य नेपाली युवाहरूलाई 'स्वरोजगार तालीम' दिनु हो। यस किसिमको तालीम उपलब्ध गराएर सरकारले युवाहरूलाई आफैंले अनेक किसिमका रोजगार सृजना गर्न सकिन्छ भनी सिकाउनुपर्दछ। नेपालभित्र नै हजारौं किसिमका कार्य गरेर हजारौं किसिमका रोजगारका अवसर सृजना गर्न सकिन्छ। लाखौ मानिसलाई देशभित्रै रोजगार उपलब्ध गराउन सकिन्छ। रोजगारका लागि विदेश जानु नै पर्ने बाध्यता अन्त्य गर्न सकिन्छ। यो तथ्य नेपाली युवाहरूलाई सरकारले अवगत गराउन आवश्यक छ।

स्वरोजगार तालीमको आयोजना सङ्घीय सरकारले गर्नुपर्छ। तर यो कार्य सम्पन्न गर्न प्रान्तीय सरकारले महत्त्वपूर्ण भूमिका खेल्नुपर्छ। स्वरोजगार तालीम उपलब्ध गराउने कार्य यथार्थमा प्रान्तीय सरकारको हो। तर वर्तमान सन्दर्भमा हाम्रो देशका प्रान्तीय सरकारहरू जनतालाई सेवा प्रदान गर्नुभन्दा शासन गर्न र अनेक किसिमका सुविधा लिन सक्रिय रहेकाले प्रान्तीय सरकारबाट कुनै ठूलो सहयोगको अपेक्षा गर्न सकिने स्थिति देखिंदैन। तर सत्य कुरा गर्ने हो भने स्वरोजगार तालीम उपलब्ध गराउने कार्य प्रान्तीय सरकारकै हो।

स्वरोजगार तालीम लिन युवाहरूलाई आकर्षित एवं अभिप्रेरित गर्न सरकारले केही आर्थिक फाइदा (भत्ता वा भुक्तानी) दिनु प्रभावकारी हुन्छ। आर्थिक लाभ प्राप्त हुने व्यवस्थाबाट उत्प्रेरित भएर हजारौं युवा स्वरोजगार तालीम लिन उत्प्रेरित हुनेछन् भन्ने आशा मात्र होइन, विश्वास नै पनि गर्न सकिन्छ।

देशका सफल उद्यमी एवं व्यवसायीहरूले युवाहरूलाई स्वरोजगार तालीम दिनु अति उपयोगी हुनेछ। उनीहरूसँग रहेका अनुभव एवं ज्ञानहरू युवाहरूले प्राप्त गरेर आफैंले पनि रोजगार सृजना गर्ने बाटो पहिल्याउन सक्छन्। सफल उद्योगी एवं व्यापारीहरूसँग अनेक किसिमका महत्त्वपूर्ण ज्ञान एवं जानकारी हुन्छ। देशमा रोजगारको सङ्कट अति गम्भीर किसिमले देखिएको यो अति दुःखद घडीमा युवाहरूलाई रोजगार सृजना गर्ने तरीका सिकाउनु उद्यमी एवं व्यापारीहरूको कर्तव्य मात्र होइन, दायित्व नै हो। जसरी आफ्नो देशमा शत्रु देशले आक्रमण गरेको समयमा शत्रु देशको विरुद्ध युद्ध गर्नु प्रत्येक देशवासीको कर्तव्य हो, त्यसैगरी आफ्नो देशभित्र आर्थिक सङ्कट ( रोजगार सङ्कट) परेको बेला आफ्ना देशवासीहरूलाई स्वरोजगार तालीम दिनु प्रत्येक उद्योगी एवं व्यापारीहरूको कर्तव्य हो, दायित्व हो। राष्ट्रिय बेरोजगारीलाई आर्थिक समस्याको रूपमा मात्र हेर्नु ठूलो भूल हो। विदेशमा गएर पनि रोजगार पाउन सकिन्छ भन्ने मान्यता राख्नु झन् ठूलो भूल हो। राष्ट्रिय बेरोजगारी विकराल सामाजिक समस्या हो। राष्ट्रिय बेरोजगारीले गर्दा बाध्य भएर रोजगारको लागि विदेश जानुपर्ने स्थिति उत्पन्न हुन्छ। रोजगारका लागि युवाहरू विदेश जानुको अर्थ स्वदेशमा परिवार विखण्डित हुनु हो। अहिले हाम्रो देशमा रोजगारका लागि युवाहरू विदेश जानुपर्ने बाध्यात्मक स्थिति भएकोले हजारौं परिवार विखण्डित हुन पुगेका छन्।

परिवार आधुनिक मानव सभ्यताको एउटा ठूलो उपलब्धि हो। परिवार एउटा यस्तो सामाजिक सङ्कठन हो जसले परिवारका हरेक सदस्यलाई आर्थिक र मनोवैज्ञानिकरूपमा सक्षम र स्वस्थ रहन सहयोग गर्दछ। परिवारको अभावमा मानिस स्वस्थ रहेर बाँच्न कठिन हुन्छ। परिवारको अभावमा व्यक्ति अनेक किसिमका स्वास्थ्य–समस्यामा जेलिन पुग्छ। रोगी हुन पुग्छ। परिवार सामाजिक सङ्गठन मात्र होइन, जीवन उपयोगी औषधी पनि हो। तर अहिले यति उपयोगी यो सामाजिक सङ्गठन बेरोजगारको कारण विखण्डित हुन पुगेको छ। प्रभावहीन हुन पुगेको छ। अहिले लाखौंको सङ्ख्यामा नेपालीहरू राष्ट्रिय बेरोजगारले गर्दा परिवारबाट छुट्टिएर बस्नुपर्ने स्थितिमा पुगेका छन्। परिवारबाट विखण्डित हुन पुगेका छन्। वैदेशिक रोजगारले ल्याउने सर्वाधिक ठूलो समस्या हो, यौन जीवनमा विचलन। नेपालको सन्दर्भमा त वैदेशिक रोजगारले ठूलो यौन विचलन ल्याएको छ। पति–पत्नी साथै बस्नु र बस्न पाउनु सामाजिक मात्र होइन, शारीरिक अवश्यकता पनि हो। राष्ट्रिय बेरोजगारले गर्दा अहिले लाखौं नेपाली पत्नी एवं पतिहरू छुट्टिएर बस्न बाध्य भएका छन्। यो बाध्यताले गर्दा अनेक किसिमका यौन अपराधहरू सृजना भएका छन्। घटनाहरू घटेका छन्। पति–पत्नीबीच कलहका बीउ उम्रेका छन्। कतिपय पारिवार (पति–पत्नी सम्बन्ध) टुटेका पनि छन्। पति स्वदेशमा पत्नी परदेशमा वा पत्नी स्वदेशमा पति परदेशमा रहेको स्थितिले वा यौन जीवनमा देखिएको विषम परिस्थितिले, लाखौं नेपाली परिवार हरघडी सङ्कट साथमा लिएर बाँच्नुपर्ने अवस्थामा पुगेका छन्।

राष्ट्रिय बेरोजगारी समस्यालाई सामान्य किसिमको समस्या ठान्नु महाभूल हुनेछ। यो समस्याको तत्काल समाधान खोज्न आवश्यक छ। सङ्घीय र प्रान्तीय सरकारहरूले यो विषयलाई अति गम्भीरतापूर्वक लिन आवश्यक छ। यो समस्याको समाधानको लागि तत्काल प्रभावकारी योजना तथा कार्यक्रम घोषणा गर्न आवश्यक छ।



**धानको तौल लिंदै:** खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड शाखा कार्यालय, महेन्द्रनगरले शुक्लाफाँटा नगरपालिका–१० झलारीमा राखेको खरीद केन्द्रमा किसानले ल्याएको धान खरीद गर्न तौल गरिंदै। किसानको सहुलियतका लागि कम्पनीले प्रतिक्विन्टल तीन हजार ४१० रुपियाँ ५१ पैसाका दरले धान खरीद गरिरहेको छ। तस्बिर: राजेन्द्रप्रसाद पनेरु/रासस

## उपकरण मर्मतमा ढिलाइ हुँदा अझै शुरू हुन सकेन सिमेन्ट उत्पादन

बाग्मती, २९ कात्तिक/रासस

निर्धारित समयमा उपकरण मर्मत हुन नसक्दा हेटौंडा सिमेन्ट उद्योग सञ्चालनमा ढिलाइ भएको छ। उद्योग व्यवस्थापनले तिहारपछि सिमेन्ट उत्पादन शुरू गर्ने भनिए पनि विभिन्न उपकरण मर्मतको काम नसकिंदा अझै उत्पादन शुरू हुन नसकेको हो।



उद्योग व्यवस्थापन समितिका अध्यक्ष नरेन्द्र भण्डारीले उपकरण मर्मतमा ढिलाइ भएका कारण योजना अनुसार उत्पादन शुरू गर्न नसकिएको बताए। "उद्योगको क्लिनिकललगायत उपकरणको मर्मत कार्य अझै भइरहेकै छ। हामीले तिहारसम्ममा मर्मत सकिन्छ र लगत्तै पुनः उत्पादन शुरू हुने अनुमान गरेका थियौं। तर अझै उपकरण मर्मतको काम नसकिएकाले उद्योग सञ्चालन हुन अझै करीब १५ दिन लाग्न सक्छ," उनले भने।

उद्योगबाट यही असोज १५ गतेदेखि उत्पादन बन्द गरिएको थियो। उपकरण मर्मतका लागि भारतबाट श्रमिक ल्याउनुपर्ने भएकाले यससम्बन्धी काममा थप समय लागेको जानकारी दिंदै अध्यक्ष भण्डारीले तीव्ररूपमा मर्मतसम्भार भइरहेकाले छिट्टै सकिने र त्यसलगत्तै उत्पादन शुरू गरिने बताए। "हामीसँग कच्चा पदार्थको कुनै अभाव छैन। उद्योगलाई चाहिने करीब चार सय मेट्रिक टन कोइला मौज्दात छ। थप कोइला खरीद प्रक्रिया अघि बढिसकेको छ, त्यसैले कोइलाको समस्या छैन," उनको भनाइ थियो।

आर्थिक अभावका कारण यस अघि दुई महीना उद्योग बन्द भएको थियो। गत भदौ महीनाको तेस्रो साताबाट सिमेन्ट उत्पादन शुरू गरेको उक्त उद्योगले यस अवधिमा ६५ हजार बोरा सिमेन्ट उत्पादन गरेको अध्यक्ष भण्डारीले बताए।

विसं २०३३ सालमा हेटौंडाको लामसुरेमा स्थापना गरिएको उक्त उद्योगले विसं २०४३ सालदेखि सिमेन्ट उत्पादन शुरू गरेको थियो।

## नेप्से परिसूचक उकालो लाग्दा १० अर्ब ३२ करोडको कारोवार

काठमाडौं, २९ कात्तिक/रासस

धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक बिहीवार उकालो लागेको छ। नेपाल स्टक एक्सचेन्जका अनुसार नेप्से परिसूचक १३ दशमलव ९५ अङ्कले उकालो लागेर दुई हजार ७४८ दशमलव ७८ मा पुगेको छ।

ठूला कम्पनीको शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक दुई दशमलव ३३ अङ्कले उकालो लागेर ४८६ दशमलव शून्य तीनमा पुगेको छ। कारोबार भएका कुल १३ उपसमूहमध्ये छ उपसमूहको शेयर मूल्य ओरालो लाग्दा सात उपसमूहको शेयर मूल्य भने उकालो लागेको हो।

कुल दुई करोड १६ लाख ६० हजार ६३९ कित्ता शेयर रु १० अर्ब ३२ करोड तीन लाख ३१ हजार ४३६ मूल्यमा कारोबार भएको छ।

नेप्सेका अनुसार गुराँस लघुवित्त, स्वाभिमान लघुवित्त, अप्पर हेवाखोला हाइड्रोपावरको शेयर मूल्यमा १० प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लागेको छ। न्यादी ग्रुप पावर नौ दशमलव ७९ र माछापुच्छ्रे बैंकको लगानीकर्ताले नौ दशमलव ५६ प्रतिशतले कमाएका छन्।

यस्तै, रावा इनर्जी नौ दशमलव १२, कुर्थली कुखरी स्मल हाइड्रोपावर सात दशमलव ३२, पिपल्स हाइड्रोपावर छ दशमलव ०८, सुपर माई हाइड्रोपावर चार दशमलव ९२ र समृद्धि फाइनान्स कम्पनीका लगानीकर्ताले चार दशमलव ३६ प्रतिशतले गुमाएका छन्।

## पेट्रोलियम अन्वेषण: ७९ प्रतिशत 'ड्रिलिङ' सकियो

दैलेख, २९ कात्तिक/रासस

जिल्लाको भैरवी गाउँपालिका–१ जलजले क्षेत्रमा पेट्रोलियम पदार्थको अन्वेषण अन्तर्गत 'ड्रिलिङ'को ७९ प्रतिशत काम सकिएको छ।

चार हजार मिटर गहिराइसम्म 'ड्रिलिङ' गर्नुपर्नेमा हालसम्म ७९ प्रतिशत 'ड्रिलिङ'को काम सकिएको खानी तथा भूगर्भ विभाग अन्तर्गतको पेट्रोलियम परियोजना महाशाखा प्रमुख गणेशनाथ त्रिपाठीले बताए।

चार हजार मिटर गहिराइसम्म ड्रिलिङ भएपछि मात्र पेट्रोलियम पदार्थ भए नभएको पत्ता लाग्छ। चीन सरकारको रु दुई अर्ब ५० करोड अनुदानमा पेट्रोलियम पदार्थको अन्वेषण जारी छ। महाशाखा, चाइना जियोलोजिकल सर्भे तथा सिबु ड्रिलिङ इन्जिनीयरिङ कम्पनीले 'ड्रिलिङ' जारी राखेका हुन्।

यसैबीच, कर्णाली प्रदेशका मुख्यमन्त्री यामलाल कँडेलले आयोजनास्थल आएर पेट्रोलियम अन्वेषणमा भएको प्रगतिबारे जानकारी लिएका छन्।

# जाडो मौसममा यसरी जोगिन सकिन्छ निमोनियाबाट

चितवन, २९ कात्तिक/रासस

चीसो मौसममा निमोनिया गराउने 'भाइरस' सक्रिय हुने हुँदा यसबाट बच्न विज्ञ चिकित्सकको सुझाव छ । जाडो मौसममा बालबालिकादेखि वृद्धवृद्धासम्मलाई निमोनियाको सङ्क्रमण धेरै हुने जनाउँदै सावधानी अपनाउन सुझाव दिइएको हो।

केही वर्ष अघिसम्म राजधानीबाहिर विशिष्टिकृत सेवा अभाव हुँदा बिरामीहरू काठमाडौं केन्द्रित हुने गर्थे । पछिल्ला दिनहरूमा विशिष्टिकृत सेवा राजधानीबाहिर पनि उपलब्ध हुन थालेपछि निमोनियाका कारण अकालमा ज्यान जाने क्रम घटेको छ । चितवन मेडिकल कलेज शिक्षण अस्पतालमा सेवा दिँदै आएका प्राडा शीतल अधिकारी चीसो मौसममा अन्य समयमा भन्दा बढी निमोनिया हुन सक्ने बताउँछन् ।

उनले भने, "चीसोले निमोनिया बनाउने भन्दा पनि चीसो वातावरणमा निमोनिया हुन सक्छ। इन्फ्लुएन्जा भाइरस चीसोमा सक्रिय हुने भएकाले निमोनिया हुने सम्भावना बढी हुन्छ।" रुघा, खोकी, ज्वरो आउनेबित्तिकै बोलीचालीको भाषामा निमोनिया लाग्यो भनिने भएपनि त्यो निमोनिया नभएको उनको भनाइ छ । उनले भने, "निमोनियामा साधारणतया एक्स-रे गरेर हेर्‍यो भने फोक्सोमा सेतो दाग देखिन्छ, त्यो निमोनिया हो ।"

निमोनिया फोक्सोमा हुने एक प्रकारको सङ्क्रमण भएको भन्दै उनले कोभिडको बेलामा भाइरसले निमोनिया बनाएको बताए। सामान्यतया धेरैजनालाई हुने इन्फ्लुएन्जा भाइरसले गर्दा निमोनिया हुने भन्दै अन्य ब्याक्टेरियाले गर्दा पनि निमोनिया हुने बताए। उनले भने, "मधुमेह नियन्त्रणमा नभएको वा रोगसँग लड्ने क्षमता कम भएको व्यक्तिहरूलाई यसबाहेक फङ्गस (ढुसी)ले पनि निमोनिया गराउँछ।" फोक्सोमा सङ्क्रमण भएपछि खोकी लाग्ने, ज्वरो आउने र छाती दुख्ने गर्छ।

साधारण भाषामा निमोनिया भनेको फोक्सो पाक्ने समस्या भएको भन्दै उनले भने, "फोक्सोको एक भाग अथवा पूरै भाग पाक्ने हो । त्यसको वरिपरि पानी जम्ने र त्यो इन्फेक्टेड भयो भने पीप जस्तो हुन्छ।"

निमोनियाको दुई प्रकृति रहेको छ। ब्याक्टेरियल निमोनिया अर्थात् भाइरस निमोनियाको समयमैं उपचार भयो भने खासै खतहरू बस्दैनन् । तर कुनै-कुनै निमोनिया जस्तैः कोभिड निमोनिया निको भएपनि फोक्सोमा खतहरू देखिएको उनले जानकारी दिए ।

समयमा उपचार भयो र अन्य जटिलताहरू जस्तो पीप बनेन भने साधारणतया निमोनिया निको हुने रोग अन्तर्गत पर्ने उनको भनाइ छ । उनले भने, "रोगसँग लड्ने क्षमता, समयमैं सही एन्टिबायोटिकको प्रयोग र बिरामीको हेरचाह कस्तो छ भन्ने अवस्थाले निमोनिया निको हुने वा नहुने भन्ने कुरामा भर पर्छ ।"

साधारणतया निमोनिया हुने कारणमा भाइरस र ब्याक्टेरिया नै मुख्य कारण हुन्। धेरैजसो बिरामीलाई इन्फ्लुएन्जा, कोभिड र श्वासप्रश्वासमा असर गर्ने भाइरस नै हो । त्यस्तै, ब्याक्टेरियाका कारणले हुने निमोनियामा सामान्तया स्ट्रेप्टोकोकस निमोनिया हो। यो धेरैजसो भीडभाडमा जाँदा हुने निमोनियामा पर्छ।

निमोनियाबाट बचनको लागि भीडभाडमा जाँदा मास्कको प्रयोग गर्ने, रुघा लागिरहेको व्यक्तिको अगाडि नजान, खोक्दा, हाच्छ्यूँ गर्दा सर्ने भएकाले कोभिडको बेलामा प्रयोग गरेका मापदण्डहरू प्रयोग गर्न उनले सुझाव दिए। अहिले निमोनियाको खोपसमेत पाइने उनले बताए ।

समयमैं उपचार गरेमा प्रायःजसो निमोनिया निको हुन्छ । रोगसँग लड्ने क्षमता कम भएको अवस्थामा सबैजना निको हुँदैनन् । करीब १० प्रतिशतलाई निको पार्न नसकिने उनी बताउँछन् । उनले भने, "पानी धेरै जमेको छ, निमोनिया ठूलो छ र कहिलेकाहीं खकारहरू ननिस्केर भएको निमोनिया छ भने त्यो जटिल नै हुन्छ ।"



**आलुको बीउ खरीद बिक्री:** सप्तरीको राजविराजमा आलुको बीउ खरीद-बिक्री गरिँदै । यहाँ साना/ठूला बोराको आकार अनुसार रु दुई हजार ७०० देखि तीन हजारसम्ममा आलुको बीउ बिक्री गरिन्छ । तस्बिरः अरुणकुमार यादव/रासस

## (धितोपत्र दर्ता तथा निष्कासन नियमावली २०७३ को अनुसूची १४ (नियम २६ को उपनियम (१) सँग सम्बन्धित) आव २०८१/८२ को पहिलो त्रैमासिक प्रतिवेदन

**(१) वित्तीय विवरण** :

**(क) त्रैमासिक अवधिका वासलात, नाफा/नोक्सानसम्बन्धी विवरण :**

आव २०८१/८२ को पहिलो त्रैमासिक अवधिको वित्तीय अवस्थासम्बन्धी विवरण मिति २०८१/०७/०७ को प्रतीक दैनिक पत्रिकामा प्रकाशित भइसकेको छ ।

**(ख) कम्पनी प्रमुख वित्तीय अनुपातहरू :**

प्रतिशेयर आम्दानी वार्षिक : रु (८.८९)    प्रतिशेयर कुल सम्पत्तिको मूल्य : रु ३८८.९६

मूल्य आम्दानी अनुपात : (७५.४६)    तरलता अनुपात : ४०.८९ प्रतिशत    प्रतिशेयर नेटवर्थ : रु ५६.०६

**(२) व्यावसायिक विश्लेषण :**

(क) २०८१ असार मसान्तको तुलनामा यस त्रैमासमा निक्षेपमा ६.१४ प्रतिशतले वृद्धि भएको, कर्जामा ४.३२ प्रतिशतले वृद्धि भएको र २०.२३ प्रतिशत रहेको निष्क्रिय कर्जा अनुपात २३.४७ प्रतिशत कायम भएको छ ।

(ख) विगतका अनुभवबाट सङ्गठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्त्विक असर पार्ने कुनै घटना अवस्था आदि नभएको ।

**(३) कानूनी कारबाहीसम्बन्धी विवरण :**

(क) संस्थाको संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर नभएको ।

(ख) कुनै संस्थापक वा सञ्चालकविरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर नभएको ।

(ग) ऋण असुलीसँग सम्बन्धित मुद्दाहरू अदालतमा विचाराधीन रहेको ।

**(४) सङ्गठित संस्थाको शेयर कारोबारसम्बन्धी विश्लेषण :**

(क) यस संस्थाको शेयर मूल्य धितोपत्र बजारको नीतिनियम अनुसार खुला बजारले निर्धारण गर्ने गरेको र सोही अनुसार नै कारोबार हुने गरेको छ ।

(ख) यस अवधिको शेयर कारोबार देहायबमोजिम रहेको छ ।

शेयरको अधिकतम मूल्य : रु ७५२    शेयरको न्यूनतम मूल्य : रु ४६८

अन्तिम मूल्य : रु ६७१    कारोबार भएको कुल दिन : ५७

कारोबार सङ्ख्या : ४८,२३२    कारोबार भएका शेयर सङ्ख्या : ७५,४८,४०४

**(५) समस्या तथा चुनौती :**

संस्थालाई नेपालको वित्तीय बजारमा एक सबल वित्तीय संस्थामा परिणत गर्न विद्यमान मानव संसाधन तथा अन्य साधनहरूको यथोचित व्यवस्थापन गरी कूशलतापूर्वक अघि बढ्नुपर्ने स्थिति रहेको छ। यसका लागि आइपर्ने समस्या तथा चुनौती समाधानका उपायहरूबारे संस्थाले समयसमयमा समीक्षा गरी रणनीतिसमेत बनाइ सोको सहजीकरणको उपाय अवलम्बन गर्ने गरेको छ ।

**समस्या र चुनौती :**

- समग्र अर्थतन्त्रमा देखिएको नैराश्यता
- बैंक तथा वित्तीय संस्थाहरूबीच कायम तीव्र प्रतिस्पर्धा
- नीतिनियममा हुने परिवर्तनले व्यवसायमा पर्ने अल्पकालीन तथा दीर्घकालीन प्रभाव
- शाखा सञ्जालमा कमी तथा दक्ष जनशक्तिको अभाव
- अर्थतन्त्रमा व्यावसायिक वातारणको अभाव
- कर्जा असुलीमा देखिएका चुनौतीहरू

विद्यमान चुनौती तथा आइपर्ने समस्या समाधानका उपायहरूबारे व्यवस्थापन तथा सञ्चालक समितिले समयसमयमा समीक्षा गरी रणनीति बनाइ सोको निराकरणका उपाय अवलम्बन गरी सोही अनुसार गरिएको छ ।

**(६) संस्थागत सुशासन :**

संस्थागत सुशासन अभिवृद्धिका लागि आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित र प्रभावकारी गर्न आन्तरिक लेखापरीक्षकमार्फत नियमित लेखापरीक्षण सम्पन्न भइरहेको तथा लेखापरीक्षकबाट दिइएका सुझाव तथा निर्देशनहरू व्यवस्थापनमार्फत कार्यान्वयन भइरहेको छ। संस्थामा अनुपालना विभाग गठन गरी नियमितरूपमा कार्यहरू भइरहेको छ। साथै गैरकार्यकारी सञ्चालकको मातहतमा रहनेगरी लेखापरीक्षण, जोखिम व्यवस्थापन, सम्पत्ति शुद्धीकरण र कर्मचारी सेवासुविधा जस्ता सञ्चालक समिति स्तरीय समितिहरू गठन गरिएका छन्। वित्तीय संस्थाको सञ्चालन जोखिम कम गरी कारोबारलाई छिटोछरितो र वैज्ञानिक बनाउने उद्देश्यले सञ्चालक तथा व्यवस्थापक तहका विभिन्न समितिहरू गठन गरी कार्यान्वयन पक्षमा सुधार गरिएको छ । आन्तरिक सुशासन व्यवस्थापन गरी कर्मचारीको समग्र वृत्ति विकास र कार्यदक्षतालाई प्रभावकारी बनाउन उपसमिति गठन गरी आवश्यकता अनुसार कार्यहरू समीक्षा गर्ने व्यवस्था गरिएको छ। नेपाल राष्ट्र बैंकबाट समयसमयमा प्राप्त निर्देशनलाई कडाइका साथ पालना गरिएको छ ।

**(७) सत्यतथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण :**

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लिखित जानकारी तथा विवरणहरूको शुद्धता सम्बन्धमा म व्यक्तिगतरूपमा उत्तरदायित्व लिन्छु। साथै म यो उद्घोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लिखित विवरणहरू सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरू सुसूचित गर्न तथा निर्णय लिन आवश्यक पर्ने कुनै विवरण, सूचना तथा जानकारीहरू लुकाइएका छैनन् ।

**प्रमुख कार्यकारी अधिकृत**

# जाडो छल्न आगन्तुक चरा चितवनमा

चितवन, २९ कात्तिक/रासस

जाडो मौसम शुरू भएसँगै विभिन्न देशबाट जाडो छल्नका लागि चरा आउने क्रम शुरू भएको छ । चितवनका तीन खोलामा कम्बोडिया, चीन, साइबेरिया, रूसलगायत देशबाट चराहरू यहाँ आएका छन् ।

नेपाल पक्षीविद् सङ्घ बाग्मती प्रदेशका संयोजक वासु बिडारीका अनुसार अहिले राप्ती, नारायणी र रिउ खोलामा ४० भन्दा बढी प्रजातिका चरा आएका छन्। उनी भन्छन्-"अहिले नदी किनारमा आगन्तुक चरा देख्न थालिएको छ । योसँगै चराहरू हेर्न आउने पर्यटकसमेत आइरहेका छन् ।"

चखेवा, जलेवा, कालोगरुड, सुरसुरे हाँस, कमन क्रेन, खोया हाँसलगायत चराहरू आएको उनी बताउँछन्। नेपालमा आउने पर्यटकमध्ये चार प्रतिशत पर्यटक चरा हेर्न आउने गरेको उनको भनाइ छ। विभिन्न देशमा जाडो बढेसँगै हिउँ पर्ने र नदीहरू हिउँले ढाकिने हुँदा आहाराको खोजीमा चरा आउने गरेको उनले जानकारी दिए। यो समयमा १५० देखि १६० प्रजातिका चरा यहाँ आउने गरेको उनको भनाइ छ । संयोजक बिडारीले भने-"अहिले आएका चराहरू बच्चा कोरल्ने काम गर्दैनन्। गर्मी मौसम शुरू भएसँगै यी चराहरू फर्कन्छन् ।" तराईको कोशी टप्पुदेखि कर्णालीसम्म पानीमा आश्रित चरा नेपाल आउने गरेको उनले जानकारी दिए ।

अहिले हाँस प्रजातिका चराहरू आइसकेको जनाउँदै उनले अन्य चराहरू पनि आउने क्रम जारी रहेको बताए ।

## नागढुङ्गा सडक एक साताका लागि आंशिक बन्द हुने

काठमाडौं, २९ कात्तिक/रासस

नागढुङ्गा सडक बिहीवारदेखि आउँदो मङ्सिर ५ गतेसम्म दिनमा आंशिकरूपमा बन्द हुने भएको छ ।

नागढुङ्गा सुरुङ मार्गको पश्चिम पोर्टल त्रिभुवन राजमार्ग अन्तर्गत धादिङको सिस्ने खोलामा स्लोप कटिङ गर्नुपर्ने भएकाले सडक बन्द गरिने नागढुङ्गा सुरुङ मार्ग निर्माण आयोजनाले जनाएको छ ।

सो आयोजनाले एक सूचना प्रकाशित गरी आजदेखि उक्त सडक आउँदो मङ्सिर ५ गतेसम्म बिहान ११ देखि दिउँसो २ बजेसम्म आंशिकरूपमा बन्द हुन जनाएको छ ।

उक्त अवधिको २० मिनेट भने दुवैतर्फ सडक बन्द हुने सूचनामा उल्लेख गरिएको छ। यसैगरी, २०/२० मिनेटमा खोल्ने र बन्द गर्नेगरी काम गरिने आयोजनाले जनाएको छ। सडक बन्द हुँदा वैकल्पिक सडक प्रयोग गर्नसमेत आयोजनाले सूचनामार्फत आग्रह गरेको छ ।

## धितोपत्र दलालको सङ्ख्या ९० पुग्यो

काठमाडौं, २९ कात्तिक/रासस

धितोपत्रको दोस्रो बजारमा कारोबारका लागि अनुमति पाउने दलाल कम्पनी (ब्रोकर)को सङ्ख्या ९० पुगेको छ। गत आर्थिक वर्ष २०८०/८१ का लागि ८२ वटा दलाल कम्पनीले अनुमति पाएकामा हाल थप आठवटा कम्पनी थपिएका छन्।

धितोपत्र खरीद-बिक्री गर्न गत असोज मसान्तसम्म ९० वटा सदस्य दलाल कम्पनीले अनुमति पाएको नेपाल स्टक एक्सचेन्ज लिमिटेड (नेप्से) ले जनाएको छ । यस्तै, धितोपत्र व्यापारी (स्टक डिलर)को रूपमा चालू आवका लागि दुईवटा कम्पनीको सदस्यता नवीकरण गरिएको नेप्सेले जनाएको छ। स्टक डिलरका रूपमा नागरिक स्टक डिलर कम्पनी लिमिटेड र नबिल स्टक डिलर लिमिटेडले अनुमति पाएका छन्।

नेप्सेका अनुसार हालसम्म दर्ता भएकामध्ये दुई कम्पनीले पूर्ण कार्य गर्ने धितोपत्र दलालका रूपमा अनुमति पाएका छन् भने बाँकी ८८ वटाले सीमित कार्य गर्न अनुमति पाएका छन्। पूर्ण कार्य गर्ने धितोपत्र दलालका रूपमा एनआइएमबी स्टक मार्केट्स लिमिटेड र हिमालन सेक्युरिटिज लिमिटेड रहेका छन् ।

# सुनको मूल्य तोलामा दुई हजार दुई सयले घट्यो

काठमाडौं, २९ कात्तिक/रासस

स्थानीय बजारमा बिहीवार सुनको मूल्य तोलामा रु दुई हजार दुई सयले घटेको छ ।

नेपाल सुनचाँदी व्यवसायी महासङ्घका अनुसार बुधवार प्रतितोला रु एक लाख ६२ हजार दुई सयमा कारोबार भएको छापावाला सुन आजका लागि रु एक लाख ६० हजार निर्धारण भएको छ ।

यस्तै, चाँदीको मूल्य तोलामा रु ३५ ले घटेको छ। बुधवार प्रतितोला रु एक हजार ९४० मा कारोबार भएको चाँदी आजका लागि भने रु एक हजार ९०५ निर्धारण भएको महासङ्घले जनाएको छ ।

## चिकित्सकहरूको विवरण

**शिशु तथा बालरोग**

| चिकित्सकको नाम | सम्पर्क नं. | आबद्ध स्वास्थ्य सेवा |
|---|---|---|
| १. डा. सागरमान अमात्य | ५२१७९६ | सर्वोत्तम अस्पताल |
| २. डा. अशोक दास | ५३४४०३ | आशाराम हस्पिटल, पानीटङ्की-१० |
| ३. डा. आनन्दकुमार झा | ०५१-५३०५२० | दसतल्ले भवनको गेटनजिक, बिर्ता |
| ४. डा. श्यामसुन्दर दास | | |
| ५. डा. प्रवीण सिंह | ९८११८४२९४६ | ओम शिवशक्ति पोलीक्लिनिक, बिर्ता, वीरगंज |

**नाक, कान, घाँटी तथा आँखा**

१. डा. वीरसिंह थापा ५२३२१४ निजी क्लिनिक बिर्ता

२. वीरगंज आँखा तथा दाँत अस्पताल प्रालि ०५१-५२१३९८ लिङ्करोड, घण्टाघर, वीरगंज

३. डा. अमर क्याल (किरण आँखा अस्पताल) ५२५२४४, रजतजयन्ती चोक, होटल शेखरअगाडि

४. डा. आमोद श्रेष्ठ (न्यू त्रिलोकी क्लिनिक), ९८१२२३८९६५, दशतले भवनछेउमा, बिर्ता, वीरगंज-४

**फिजिसियन**

१. डा. अरूणकुमार सिंह ९८४५११९४५५ नाउक्षेअ, निजी क्लिनिक

२. डा. राकेश तिवारी ९८११८४२९४६ ओम शिवशक्ति पोली क्लिनिक, बिर्ता, वीरगंज

**दन्त**

१. डा. सुनीलप्रताप सिंह ९८४५१८७४११ समाज डेन्टल होम

२. डा. पूनम सिंह ५२९४१५ समाज डेन्टल होम

३. डा. विजय अग्रवाल ९८०२९२१९९६ शंकरलाल केडिया दन्त अस्पताल, परवानीपुर

**हाड, जोर्नी तथा नसा विशेषज्ञ**

डा. श्यामबाबू प्रसाद एलएस न्यूरो हस्पिटल, पानीटंकी, वीरगंज ५२१५१७

डा. श्यामबाबू रौनियार ०५१-५२१९९६ साह अर्थोपेडिक क्लिनिक लाठगल्ली, वीरगंज

डा. रामाशीष ठाकुर एपोलो सेन्टर मालपोत अगाडि, बिर्ता

प्रा. (डा.) राजेन्द्रप्रसाद साह ९८०४२७१२२३ फ्रेक्चर तथा सिटी हेल्थकेयर, पानीटङ्की-१०, ब्यारेकको पूर्वपट्टि

**आयुर्वेदिक (चेकजाँच)**

डा. आर.एन. यादव ०५१-५२०६१६ पतञ्जलि आयुर्वेद, घण्टाघर दूरसञ्चारको पूर्व, वीरगंज

डा. आर.के. ठाकुर ०५१-५३४१४१ शिवम् आयुर्वेद, बसपार्क

डा. रमेश मिश्र (कन्सलटेन्ट आयुर्वेदविज्ञ) ९८४९४१११९६ नारायणी आयुर्वेद उपचार तथा योग केन्द्र, बसपार्क

**फिजिसियन तथा मधुमेह विशेषज्ञ**

डा. नीरज कुमार सिंह ०५१-५२१९२१ नाउक्षे अस्पताल, वीरगंज

डा. प्रशान्त कुमार साह (न्यु त्रिलोकी क्लिनिक) मोबाइल नं. ९८१२२३८९६५

**प्रसूति तथा स्त्रीरोग विशेषज्ञ**

डा. तरन्नुम खातुन, ९८४५४१३८२६ आकाश मेडिकल, लिङ्करोड, घण्टाघर

डा. जगतप्रसाद दीप, ०५१-५३३८०८, ओम हस्पिटल प्रा.लि., वीरगंज

डा. स्वेता गुप्ता, ९८५५०३५५६०, (न्यु त्रिलोकी क्लिनिक), बिर्ता, वीरगंज

**एम्बुलेन्स सेवा**

**बारा उद्योग वाणिज्य सङ्घ** जीतपुर ०५३-५२१९२०/९८४५६५६५४०

**गण्डक अस्पताल,** वीरगंज (**चौबीसै घण्टा**) ०५१ ४११०११/९८४३८३७६०२

माथि नाम लेखाउन चाहने चिकित्सकहरूले यस दैनिकको वार्षिक ग्राहक हुन जानकारी गराइन्छ ।

**सम्पर्क: बजार व्यवस्थापक जीतेन्द्र पटेल मोबाइल नं. ९८४५०४१७५८, ९८०२७७७७५३**

## अन्तर्राष्ट्रिय समाचार

# उसागीका कारण फिलिपिन्समा उच्च सतर्कता



मनिला, २९ कात्तिक/एएफपी

फिलिपिन्सले उसागी नाम दिइएको विनाशकारी आँधीको चेतावनीपछि बिहीवार प्रभावित क्षेत्रका हजारौं मानिसलाई खाली र सुरक्षित क्षेत्रमा सारेको छ। आँधीको प्रभाव यस पहिले नै अर्को आँधीबाट प्रभावित उत्तरतर्फ अघि बढ्दै गएपछि आँधीबेहरीको चेतावनी जारी गरिएको हो।

प्रतिघण्टा १८५ किलोमिटरसम्मको निरन्तर हावासँगै उसागी आँधी लुजनको मुख्य टापुमा अवतरण गर्ने सम्भावना रहेको जनाइएको छ।

विनाशकारी मौसमी लहरले यस अघि नै १५९ जनाको ज्यान लिएको छ भने राष्ट्रसङ्घले प्रभावित क्षेत्रहरूका लागि तीन करोड २० लाख ९० हजार अमेरिकी डलर सहयोगको प्रस्ताव अन्तर्राष्ट्रिय समुदायसँग गरेको छ।

राष्ट्रिय मौसम विभागका अनुसार आँधीले हल्का सामग्रीको संरचनामा लगभग पूर्ण क्षति पुऱ्याउन सक्छ।

भारी वर्षा र तीन मिटरसम्मको सम्भावित कडा छालहरूको पूर्वानुमान गरी आँधीको चेतावनी उच्च चरणमा लागू गरिएको छ।

कागायन प्रान्तमा आँधीले अवतरण गर्ने अपेक्षा गरिएकाले बासिन्दाहरूलाई सुरक्षित स्थानमा सारिएको अधिकारीहरूले जनाएका छन्।

कागायनका नागरिक सुरक्षा प्रमुख रूएली राप्सिङले स्थानीय सरकारहरूले ४० हजार मानिसहरूलाई आश्रयमा लैजाने बताएका छन्।

उसागीपछि उष्णकटिबन्धीय आँधी म्यान–यीले पनि यस सप्ताहन्तमा राजधानी मनिला वरपर फिलिपिन्सको जनसङ्ख्याको केन्द्रमा प्रहार गर्ने पूर्वानुमान गरिएको छ।

"आँधीहरू आउने क्रम जारी रहेको बताउँदै समुदायहरूले आघातबाट निको हुने प्रयास गरेसँगै, अर्को उष्णकटिबन्धीय आँधीले फिलिपिन्सलाई फेरि प्रभावित गरिरहेको संयुक्त राष्ट्रसङ्घ फिलिपिन्सका मानवीय संयोजक गुस्ताभो गोन्जालेजले बताएका छन्।

हालैको एक अध्ययनले एशिया–प्रशान्त क्षेत्रमा जलवायु परिवर्तनका कारण आँधीबेहरीको असर तटीय रेखामा तीव्र र लामो समयसम्म रहने गरेको देखाएको छ। रासस

# ज्वालामुखी विस्फोटका कारण अवरुद्ध उडान सेवा पुनः सञ्चालनमा

जकार्ता, २९ कात्तिक/एएफपी

ज्वालामुखी विस्फोटका कारण अवरुद्ध भएका इन्डोनेशियाली रिसोर्ट टापुमा आउने र जाने उडानहरू पुनः सञ्चालनमा आएको विमान कम्पनीहरूले बिहीवार जनाएका छन्।

विगत दुई हप्तादेखि भएको ज्वालामुखी विस्फोटका कारण कम्तीमा नौजनाको मृत्यु हुनुका साथै हजारौंलाई सुरक्षित स्थानमा सारिएको थियो।

मौसम 'सुध्रिएको' अवस्थालाई उल्लेख गर्दै क्वान्टास र जेटस्टारले बालीमा आफ्नो सेवा पुनः शुरू गरेको विज्ञप्तिमार्फत जनाएका छन्।

एयर एशियाले बिहीवारदेखि बाली जाने उडानहरू पुनः शुरू गर्ने जनाएको छ भने अस्ट्रेलियाले आफ्नो वेबसाइटमा उडानहरू पुनः शुरू गर्ने बताएको छ।

यसैबीच, सिङ्गापुरको स्कुट एयरलाइन्सले लेवोटोबी लाकी–लाकीको ज्वालामुखी गतिविधिको कारण सिङ्गापुरबाट बाली र सुराबायाका लागि उडानहरू पुनर्निर्धारित गरेको जनाएको छ।

विमानस्थलका महाप्रबन्धक अहमद स्योगी साहाबले माउन्ट लेवोटोबी लाकी–लाकीबाट ज्वालामुखीको खरानी बुधवार साँझदेखि विमानस्थलबाट टाढा गइरहेको बताएका छन्।

ज्वालामुखी विज्ञान विभागका अनुसार लेवोटोबी बिहीवार पुनः विस्फोट हुँदा यसको खाडलबाट बाक्लो खरानी स्तम्भ र लावा बगिरहेको देखिएको थियो।

विमानस्थलको इन्स्टाग्राम अनुसार ज्वालामुखी नजीकैको लाबुआन बाजोको पर्यटकस्थलमा रहेको विमानस्थल बिहीवार पुनः खोलिएको छ। रासस

# बाइडेन र ट्रम्पबीच ह्वाइट हाउसमा भेटवार्ता

वाशिङ्टन, २९ कात्तिक/एएफपी

अमेरिकी राष्ट्रपति जो बाइडेनले ह्वाइट हाउसमा अमेरिकी राष्ट्रपतीय निर्वाचनबाट हालै नयाँ कार्यकालका लागि पुनरागमन गरेका रिपब्लिकन नेता डोनाल्ड ट्रम्पसँग भेटवार्ता गरेका छन्।

स्मरण रहोस्, राष्ट्रपति निर्वाचित ट्रम्पले चार वर्ष अघि जो बाइडेनको विजयलाई अस्वीकार गर्दै शिष्टाचार भेट गर्ने र राष्ट्रपति निर्वाचित व्यक्तिलाई ह्वाइट हाउसमा स्वागत गर्ने र बधाई तथा शुभकामना दिने अमेरिकी परम्परा तोडेका थिए।

बाइडेनले आफ्ना कटु प्रतिद्वन्द्वीलाई नयाँ कार्यकालका लागि ह्वाइट हाउसमा उपस्थित हुने र भेटवार्ता गर्ने निम्तो दिएर शिष्टता प्रदर्शन गरेका छन्।

ट्रम्पको यो भ्रमण उनलाई अमेरिकी कङ्ग्रेसको पूर्ण नियन्त्रण प्रदान गर्नका लागि हाउस अफ रिप्रेजेन्टेटिभ्समा रिपब्लिकनहरूलाई बहुमत प्राप्त दल घोषणा गरिएको र उनले महान्यायाधिवक्ताको रूपमा फायरब्रान्ड म्याट गेट्जसहित आफ्नो शीर्ष टोलीको लागि केही प्रमुख नियुक्तिहरूको घोषणा गरिएको समयमा भएको हो।

अमेरिकी राष्ट्रपति बाइडेन र आगामी फेब्रुअरी २० मा अमेरिकी नेतृत्वमा पुनरागमन गर्न लागेका नवनिर्वाचित राष्ट्रपति ट्रम्पले ओभल अफिसमा न्यानो आगोको अगाडि हात मिलाउँदै भेटवार्ता शुरू भएको थियो।

ट्रम्पले सन् २०२० मा बाइडेनसँग आफ्नो हारलाई मान्यता दिन अस्वीकार गरेपछि तोडेको परम्परालाई पुनः स्थापित गर्दै बाइडेनले भने–"स्वागत छ।"

गत जुलाईमा चुनावबाट बाहिरिएका तर गत साता कमला ह्यारिस ट्रम्पसँग पराजित भएको देखेका ८१ वर्षीय बाइडेनले ७८ वर्षीय ट्रम्प लोकतन्त्रका लागि खतरा भएको संज्ञा पटकपटक दिएका थिए तर भेटमा मीठो स्वरमा शान्तिपूर्णरूपमा सत्ता हस्तान्तरण गर्ने प्रतिबद्धता जनाएका थिए।

दुई नेताले हात मिलाउँदा बाइडेनले तलतिर हेरेका थिए भने भने ट्रम्पले अगाडि झुकेर बाइडेनको आँखामा नियालेका थिए।

बाइडेनसँग भएको निर्वाचनमा ट्रम्पले हार अस्वीकार गरेपछि सन् २०२१ मा अमेरिकी संसद् भवनमा उनका समर्थकले आक्रमण गरेका थिए। रिपब्लिकन नेता ट्रम्पले यस वर्ष आक्रोशक र विभाजनकारी चुनावी अभियान चलाएका थिए। रासस




# 'पूर्णबहादुरको सारङ्गी' बन्यो सर्वाधिक कमाउने चलचित्र

काठमाडौं, २९ कात्तिक/रासस

लक्ष्मीपूजालाई लक्षित गर्दै यही कात्तिक १५ गतेदेखि प्रदर्शनमा आएको चलचित्र 'पूर्णबहादुरको सारङ्गी' नेपालमा सर्वाधिक कमाउने चलचित्र बनेको छ। निर्माता विनोद पौडेलले चलचित्रले प्रदर्शनको १४औं दिनसम्म आइपुग्दा रु २७ करोड सङ्कलन गरेको जानकारी दिए।

उनले भने, "हाम्रो गाउँघरको मौलिक कथालाई नेपालसँगै विश्वभरका दर्शकले दिनुभएको मायालाई धन्यवाद भन्ने शब्द हामीसँग छैन, यस चलचित्रमार्फत हामीले विदेशी चलचित्रसँग डराउनुपर्ने प्रवृत्तिलाई पनि अन्त्य गरेका छौं, नेपाली दर्शकसम्म जानकारी पुगेमा उहाँले नेपाली चलचित्रलाई नै माया गर्नुहुन्छ भन्ने प्रमाणित भएको छ।"

उनले चलचित्रले मङ्गलवारसम्म रु २५ करोड तीन लाख र बुधवार रु दुई करोडको हाराहारीमा व्यापार गरेको बताए। नेपालभर चलचित्र हेर्ने दर्शकको चाप उस्तै भएपछि निर्माण समूह मोफसल भ्रमणमा समेत निस्किएको छ। निर्माता पौडेलले आजदेखि पूर्वबाट शुरू हुने भ्रमणमा मोफसलका चलचित्र भवनमा पुगेर दर्शकलाई धन्यवाद व्यक्त गर्ने जानकारी दिए।

"हामी गाईघाटबाट भ्रमण शुरू गर्दैछौं, ग्रामीण भेगका चलचित्र भवनमा पुगेर त्यहाँका दर्शकलाई धन्यवाद दिनेछौं, उहाँहरूको मायाले हामी मात्र नभई नयाँ निर्मातालाई पनि हौसला मिलेको छ," निर्माता पौडेलले भने।




उक्त भ्रमणमा निर्माता पौडेलसँगै अभिनेता विजय बराल, अभिनेत्री अञ्जना बराइलीलगायत छन्। यो चलचित्रले एकै दिन रु तीन करोड ८९ लाखको व्यापार गर्दै एक दिनमा सर्वाधिक कमाउने नेपाली चलचित्र र ९८ चलचित्र भवनमा ४६५ भन्दा बढी सो पाएको रेकर्डसमेत बनाएको छ। यस अगाडि चलचित्र 'कबड्डी ४ : दी फाइनल म्याच' ले रु २३ करोड ५० लाखको व्यापार गरेको बताइएको छ।

# नगराइन नगरपालिकामा सहमति

जनकपुरधाम, २९ कात्तिक/रासस

विगत पाँच महीनादेखि विवादको कारण दैनिकरूपमा कामकाज बन्द हुने गरेको धनुषाको नगराइन नगरपालिका कार्यालय बिहीवारदेखि विनाअवरोध सञ्चालनमा आएको छ।

सो पालिकाको सर्वपक्षीय बैठकमा प्रमुख विनयकुमार यादव तथा उपप्रमुख राधादेवी यादवबीच दुई बुँदे सहमति भएपछि कार्यालयको दैनिक कामकाज सञ्चालनमा आएको हो। नगराइन नगरपालिका प्रमुख तथा उपप्रमुखबीचको विवादका कारणले लामो समयदेखि सो नगरपालिकाका प्रशासन, लेखा, शिक्षा, कृषिलगायत विकासका अन्य काम ठप्प भएको थियो। त्यहाँ दैनिक जुलुस तथा नाराबाजी हुने गरेको थियो।

उक्त नगरपालिकामा उत्पन्न विवाद समाधान गर्न बुधवार सर्वदलीय बैठक बसेको थियो। उक्त बैठकमा दुई बुँदे सहमति भएपछि कार्यालय नियमितरूपमा सञ्चालनमा आएको उपप्रमुख यादवले जानकारी दिए।

बैठकमा स्थानीय तह सरकार सञ्चालनसम्बन्धी ऐन २०७४ अनुसार नगरपालिका सञ्चालन गर्ने र आगामी मङ्सिर ५ गते बुधवार नगरसभा अनिवार्यरूपमा गर्नेगरी सहमति भएको थियो।

बैठकमा नगरप्रमुख यादवले स्थानीय सरकार सञ्चालन ऐन, २०७६ खारेज गरी स्थानीय तह सरकार सञ्चालनसम्बन्धी ऐन २०७४ लागू गर्ने प्रतिबद्धता जनाएसँगै एमालेबाट निर्वाचित जनप्रतिनिधिले गरेको आन्दोलन समाप्त भएको उपप्रमुख यादवले बताइन्।

## प्रभुको ...

आदेश पाउनेबित्तिकै उसका मानिसले नानकदेवलाई खोजेर ल्याए। मलिक भागोले नानकदेवसँग प्रश्न गऱ्यो–"हेर्दा त तिमी कुलीन परिवारमा लाग्दछौ। तिमी एउटा शूद्रको घरको भोजन गर्दछौ, तर मेरो यज्ञको खाँदैनौ। तिमी यसको कारण बताऊ।" नानकदेवले भने–"मलिक साहब ! पहिले तपाईं यो बताउनुस् कि शास्त्रहरूमा कुनै व्यक्तिलाई अहङ्कार एवं बलपूर्वक भोजन गराउनाले मनोवाञ्छित फल प्राप्त हुने कुरा कतै लेखिएको छ ?"

मलिकले भने–"छैन, तर जब तपाईं लालोजस्ता गरीब तथा निम्न जातिका व्यक्तिकहाँ भोजन गर्न सक्नुहुन्छ भने फेरि मकहाँ भोजन गर्नमा तपाईंलाई के आपत्ति ?"

नानकदेवले भने–"के तपाईं यो बताउने कष्ट गर्नुहुन्छ कि लालो बढई भएकै कारण नीच जातिका कसरी भए र तपाईं र मजस्ता उच्च जातिका कसरी भयौं ? के परमेश्वरले हाम्रो शारीरिक बनावटमा कुनै अन्तर पारेका छन् ?" मलिकले भने–"छैन।" नानकजीले भने–"यदि यस्तो छैन भने यसका अर्थ यो हो कि हामी जातिपातिको झूटो र मनगढन्त ढोङ रच्दछौं, जुन मानवताको नाममा एउटा ठूलो अपराध हो।" मलिक भागोले सोधे–"त्यसो भए तपाईं नै भन्नुस् नीच को हो र उच्च को हो ?"

नानकदेवले भने–"प्रभुले सबैलाई एक समान बनाएका छन्। वास्तवमा नीच त्यो हो, जो नीच कर्म गर्दछ र जसको कर्मले समाज पीडित बन्दछ र भ्रष्टाचार फैलन्छ। यसविपरीत त्यो व्यक्ति श्रेष्ठ हो, जसले श्रेष्ठ कर्म गर्दछ र जसका कर्मले समाजमा सुख–शान्ति र समृद्धि बढ्दछ। व्यक्ति उच्च र नीच जातिले होइन, वरन् असल र खराब कर्मले हुन्छ। मेरो यस दृष्टिकोणका अनुसार भाइ लालो श्रेष्ठ व्यक्ति हुन्; किनकि उनी श्रेष्ठ कर्म गर्दछन्। आफ्नो कामले उनी समाजको सेवा गर्दछन्, उनी कठोर परिश्रम गरेर इमानदारीपूर्वक आफ्नो आजीविका आर्जन गर्दछन्। उनी कहिले कसैको खिसी गर्दैनन्। उनी सधैं सबैसँग प्रेम गर्दछन्। तर यसविपरीत अधिकांश ठूला कहलिने मानिस समाजविरोधी कार्यहरूमा संलग्न रहन्छन्, जसले भ्रष्टाचार फैलन्छ तथा जनसाधारणको जीवन कष्टमय बन्दछ। यस लूटपाटले समाजमा धनी–गरीबको खाडल झन् फराकिलो हुन्छ। फलस्वरूप समाजमा असन्तोष र आक्रोश उब्जन्छ, जसले व्यवस्थामा पनि बाधा उत्पन्न हुन्छ एवं समाजमा हिंसा, अपराध आदि नचाहिंदा कुराहरू जन्मन्छन्।"

मलिक भागोले सोधे–"तपाईं नै बताइदिनुस्, आजीविका कसरी अर्जित गर्ने ?" नानकदेवले भने–"मलाई यत्ति मात्र थाहा छ कि व्यक्ति निर्धन नै किन नहोस्, तर जो सत्य पथमा हिंडेर आफ्नो आजीविका कमाउँछ र सन्तोषपूर्वक बस्दछ, उही श्रेष्ठ हो र प्रभु–परमेश्वर पनि त्यस्तै व्यक्तिका साथ रहन्छन्। प्रभुको कृपादृष्टि यस्तै मानिसमाथि रहन्छ। वस्तुतः जो मानिस आफ्नो अधिकारको दुरुपयोग गरेर अनुचित कार्य गर्दछ र अनुचित धन प्राप्त गरेर धनी बन्दछ र आफ्नो कालो कततूतलाई ढाकछोप गर्न ठूलो दानी हुने आडम्बर गर्दछ; वस्तुतः यस्ता व्यक्ति नै नीच, छोटा र पुड्का हुन्छन्।"

मलिक भागोले गुरु नानकदेवको कुरा बुझे। ऊ उनको पाउमा निहुरेर माफी माग्न थाल्यो र भन्यो–"तपाईंको कथनमा मलाई सत्य देखियो। आजदेखि म तपाईंलाई आफ्नो गुरु मान्दछु। तपाईं मेरो मार्गदर्शन गर्नुहोस्।"

नानकदेवले उसलाई उपदेश दिंदै भने–"मलिक ! प्रभुको कृपा यज्ञ गर्ने देखावा वा प्रदर्शनले मात्र प्राप्त हुँदैन, वरन् हाम्रो जीवन पनि यज्ञमय हुनुपर्छ, अनि मात्र प्रभुको हामीमाथि कृपा हुन सक्छ। प्रभु सबैमा विराजमान छन् र सर्वव्यापी छन्। अतः सर्वत्र प्रभुको उपस्थिति छ भन्ने ठानेर सदैव असल कर्म गर र प्राणीमात्रको सेवा गर। जब उनी सबैमा विद्यमान छन् भने कोही उच्च र कोही नीच कसरी हुन सक्छ ? यसको सोझो अर्थ के हो भने जन्मले कोही उच्च वा नीच हुँदैन। यो मनुष्यको कर्ममा निर्भर गर्दछ कि ऊ कसरी काम गर्दछ। यदि ऊ सद्गुणयुक्त भएर जीवन बाँच्दछ भने उच्च हो, होइन भने दुर्गुणले आफैं उसलाई नीच बनाइदिन्छ, ऊ तथाकथित उच्च जातिको नै किन नहोस्। यदि तिमी साँच्चीकै उच्च बन्न चाहन्छौ भने उच्च कर्म गर, श्रेष्ठ कर्म गर। सहज, सरल र पवित्र बन। यदि यस्तो गर्न सक्यौ भने तिमी अवश्य नै प्रभुकृपाको पात्र बन्नेछौ।"

यसरी मलिक भागोलाई उपदेश दिएर नानकदेव, भाइ मरदानाका साथ अर्को गन्तव्यतिर लागे।

## आजको राशिफल

| | |
|---|---|
| मेष – भाग्योदय | वृष – अलमल |
| मिथुन – खर्चवृद्धि | कर्कट – सफलता |
| सिंह – राज्यलाभ | कन्या – रोगभय |
| तुला – व्यापारवृद्धि | वृश्चिक – शत्रुपराजय |
| धनु – सुसमाचार | मकर – भयचिन्ता |
| कुम्भ – राज्यलाभ | मीन – अतिथिआगमन |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

श्री नेपाल राष्ट्रिय प्राथमिक विद्यालय, औराहा, पर्सा
जगरनाथपुर गापा–६, मधेस प्रदेश, नेपाल

**आवश्यकता**

यस श्री नेपाल राष्ट्रिय प्राथमिक विद्यालय, औराहा, पर्साको विद्यालय व्यवस्थापन समितिको मिति २०८१/०७/२८ गते बसेको बैठकको निर्णय तथा जगरनाथपुर गाउँपालिकाको पत्र सङ्ख्या २०८१/८२ चनं ११ (शिक्षा) मिति २०८१/०६/२२ गतेको प्राप्त पत्र र शिक्षा विकास तथा समन्वय एकाइ, पर्साको पत्र सङ्ख्या २०८१/८२ चनं ७७२ मिति २०८१/०७/२७ गतेको प्राप्त पत्रानुसार यस विद्यालयलाई कार्यालय सहयोगीको रिक्त दरबन्दीमा खुला विज्ञापनमार्फत पदपूर्ति गर्नका लागि योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्रमा दरखास्त दिनुहुन जानकारी गराइन्छ। ***तपसिल***

(१) विनं ०१/२०८१/८२, पद : कार्यालय सहयोगी (करार)
पद सङ्ख्या : १ (एक) योग्यता : साधारण लेखपढ
(२) उमेर : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको,
(३) पेश गर्नुपर्ने कागजातहरू : नागरिकताको प्रतिलिपि दुई प्रति फोटो र आफूले अध्ययन गरेको शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि,
(४) दरखास्त दस्तुर : रु ७००/– (अक्षरेपि रु सात सय मात्र),
दस्तुर बुझाउने स्थान : श्री नेराप्रावि, औराहा, पर्सा,
(५) दरखास्त दिने मिति: २०८१/०७/३० देखि २०८१/०८/१४ गतेसम्म विद्यालय समयभित्र।
(६) परीक्षाको किसिम : अन्तर्वार्ता (विव्यसले बनाएको कार्यविधिको आधारमा),
(७) तलब स्केल : नेपाल सरकारको प्रचलित स्केल बमोजिम,
(८) सम्पर्क मिति : २०८१/०८/१५ गते बिहान ११:०० बजे,
(९) परीक्षा मिति : सम्पर्क मितिमा तोकिनेछ,
(१०) दरखास्त दिने स्थान : श्री नेराप्रावि, औराहा, पर्सा, कार्यालय समयभित्र।

**पुनश्चः परीक्षामा उपस्थित हुँदा सबै कागजातको सक्कल लिई आउनुपर्नेछ।**

**सम्पर्क नं (प्रअ) ९८४५१००१०२, (शिक्षक) ९८४५१८७३०९**

**वीरेन्द्र मिश्र (प्रधानाध्यापक), श्री नेरामावि, औराहा, पर्सा**

# मधेसको पूँजीगत बजेट 'लक' फुकुवा

प्रस, जनकपुरधाम, २९ कात्तिक/

मधेस प्रदेश सरकारको अर्थ मन्त्रालयले प्रदेशका अन्य मन्त्रालय तथा निकायहरू उपर लगाएको 'लक' फुकुवा गरेको छ।

अर्थ मन्त्रालयले सबै निकायको बजेट पूर्वस्वीकृति नलिएसम्मका लागि भन्दै प्रदेशका मन्त्रालयहरूको पूँजीगत बजेट अर्थ मन्त्रालयले 'लक' गरेको थियो।

अर्थको उक्त व्यवस्थाको अरू मन्त्रालय र निकायहरूले विरोध गरेका थिए। विगतमा मधेस सरकारको बहुसङ्ख्यक योजनाहरूको काम उपभोक्ता समितिबाट हुने गरेको र आयोजना किनबेच हुने गरेको जनगुनासाको कारण यसलाई रोक्न सो व्यवस्था गरिएको अर्थको स्पष्टोक्ति थियो। सोको निम्ति बजेट वक्तव्यमा नै 'विकास निर्माणका कामहरू खुल्ला प्रतिस्पर्धाबाट गराउने' उल्लेख गरिएको थियो।




प्रदेश बजेट सूचना प्रणालीमा पूर्णरूपमा खोलिएको अर्थसचिव रामकुमार महतोले सञ्चारकर्मीलाई जानकारी गराएका हुन्।

चालू आवको साउन ४ मा अर्थ मन्त्रालयले जारी गरेको ६४ बुँदे मार्गदर्शनमा बहुवर्षीय खरीद प्रक्रिया पूरा गरी कार्यान्वयनमा रहेका आयोजनाबाहेक १६ वटा शीर्षकमा बजेट खर्च गर्न खरीद योजना तयार गरी अर्थ मन्त्रालयबाट पूर्वस्वीकृति लिनुपर्ने भनिएको थियो।

सोही बुँदा कार्यान्वयन गराउन अर्थ मन्त्रालयले बजेट खर्च मार्गदर्शनमा खरीद योजना बनाइ पूर्वस्वीकृति लिनुपर्ने व्यवस्था गरेको हो। तर यो व्यवस्था अनुसार अरू मन्त्रालय र निकायले कार्यान्वयन गरेनन्। उनीहरूले खरीद योजना बनाइ अर्थ मन्त्रालयसँग पूर्वस्वीकृति लिएनन्। उनीहरूले अव्यावहारिक व्यवस्थाका कारण पूँजीगत खर्च हुन नसकेको भन्दै सो हटाउन लबिङ गरे।

चालू आवको प्रथम त्रैमासिकमा पूँजीगततर्फ ०.०५ प्रतिशत मात्रै बजेट खर्च भएको देखियो। बजेट कार्यान्वयन चुनौतीपूर्ण बनेको र बजेट बढी फ्रीज हुने सम्भावना देखेपछि अर्थ मन्त्रालय आफ्नो निर्णयबाट पछि हटेको हो।

खर्च मार्गदर्शनको बाधा फुकाउन मधेस सरकारले असोज १३ मैं मन्त्रिपरिषद्बाट सार्वजनिक खरीद ऐन अनुसार बजेट कार्यान्वयन गर्ने निर्णय गरेको थियो। बजेट खर्च मार्गदर्शनमा बाधा फुकाउने व्यवस्था पनि छ। सो विषयमा अर्थमन्त्री सुनील यादवसँग सल्लाह भएको र आन्तरिक गृहकार्य मन्त्रालयले गरिरहेको अर्थसचिव महतोले बताएका छन्।

**आँखा अस्पतालले ...**

अधिकांश जिल्ला र सीमा क्षेत्रका भारतीय नागरिकले सेवा लिन सक्ने अपेक्षा गरिएको उनले बताए। आगामी केही वर्षपछि निजगढमा वार्षिक आठदेखि १० हजार मानिसको आँखाको शल्यक्रिया गर्ने योजना रहेको उनले बताए। गरीब, विपन्न तथा असहायहरूले अस्पतालबाट सुलभ अनि उच्च गुणस्तरीय सेवा पाउने पनि उनले जिकिर गरे।

नेपाल आँखा कार्यक्रमका कार्यकारिणी समितिका अध्यक्ष सुहद घिमिरेको सभापतित्वमा सम्पन्न कार्यक्रममा निजगढ नपाका प्रमुख सुरथ पुरी, अस्ट्रेलियाली दातृ संस्था द फ्रेड होलोज फाउन्डेशनका निवर्तमान अध्यक्ष माइकल जोन्सन, द फ्रेड होलोज फाउन्डेशनका प्रमुख कार्यकारी अधिकृत विशआर्ट, नेपाल आँखा कार्यक्रम तिलगङ्गा आँखा प्रतिष्ठानका प्रमुख कार्यकारी अधिकृत डा रीता गुरुङले अस्पतालले प्रदान गर्ने सेवाबारे प्रस्टचाएका थिए।

कार्यक्रममा नगरप्रमुख पुरीले निजगढमा सुविधासम्पन्न आँखा अस्पताल निर्माण हुनु निकै खुशीको कुरा भएको बताउँदै यसको सेवाप्रवाहमा निरन्तर उचित ध्यान दिन आग्रह गरे। अस्पताल स्थापना गर्न सहयोग गर्ने सबैप्रति धन्यवाद व्यक्त गर्दै यस्तै निस्स्वार्थ समाजसेवाबाट नै नगर, जिल्ला, प्रदेश हुँदै समग्र मुलुक विकासतर्फ लम्कने नगरप्रमुख पुरीले बताए।

कार्यक्रममा बारा क्षेत्र नं १ का प्रतिनिधिसभा सदस्य अच्युत मैनाली, मधेस प्रदेशसभा सदस्य मीना लामा, तिलगङ्गा आँखा अस्पताल सञ्चालक समितिका सदस्य एवं हास्य कलाकार हरिवंश आचार्यलगायतको सहभागिता थियो।

निजगढ नगरपालिकाले उपलब्ध गराएको साढे ११ कट्ठा जमीनमा अस्ट्रेलियाली दातृ संस्था फ्रेड होलोज फाउन्डेशनको करीब १९ करोडको लगानीमा लिफ्टसहितको अत्याधुनिक प्रविधिको सुविधासम्पन्न अस्पताल भवन निर्माण भएको हो।

# साढे २२ किलो चरेससहित तीनजना पक्राउ


तस्वीरः सौजन्य

प्रस, वीरगंज, २९ कात्तिक/

जिल्ला प्रहरी कार्यालय, पर्साले साढे २२ किलो चरेससहित तीनजनालाई बुधवार पक्राउ गरेको छ।

वीरगंज महानगरपालिका-१५ भिस्वा होटलनजीकैको सडकबाट वडा प्रहरी कार्यालय, श्रीपुरले ना.१५प ११५६ नम्बरको मोटरसाइकललाई चेकजाँच गर्ने क्रममा मोटरसाइकलमा सवार तीनजनालाई २२ किलो ५०० ग्राम चरेससहित पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय, पर्साका प्रवक्ता प्रहरी नायब उपरीक्षक दीपक भारतीले जानकारी गराएका छन्।

पक्राउ पर्नेमा बारा, सिम्रौनगढ नगरपालिका-४ हरिहरपुर निवासी मकसुद अन्सारी, रामलाल सहनी र भारत, बिहारको आदापुर बस्ने मुकेश कुमार रहेका छन्। उनीहरूमाथि लागूऔषधसम्बन्धी कसूरमा मुद्दा दर्ता गरी अनुसन्धान भइरहेको प्रवक्ता भारतीले जानकारी गराए।

Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj
Call - 51525252, 98028 19788, 98028 19787
Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,

# खेलकूदको संसार

## आयोजक बिरुवागुठी युथ क्लब फाइनलमा

नरेश यादव, पर्सागढी, २९ कात्तिक/

पर्सागढी नगरपालिका-३ स्थित मिनी रङ्गशालामा जारी प्रथम बिरुवागुठी नकआउट फूटबल प्रतियोगिताको दोस्रो सेमिफाइनलमा आयोजक बिरुवागुठी युथ क्लब बडनिहार विजयी भई फाइनलमा प्रवेश गरेको छ।

बिरुवागुठी युथ क्लबद्वारा आयोजित प्रतियागिताको दोस्रो सेमिफाइनलमा आज बिरुवागुठी युथ क्लबले पर्सागढी नपा-


तस्वीरः प्रतीक

३ कै नमोबुद्ध युवा क्लब झबराहालाई शून्यका विरुद्ध एक गोलअन्तरले पराजित गर्दै फाइनलको यात्रा सुरक्षित गरेको हो। आज भएको खेलमा मध्यान्तर अघि दुवै टीमले गोलरहित खेलेका थिए। मध्यान्तरपछिको अन्तिम समयमा बिरुवागुठीका आकाश राणाले गरेको एक गोल नै खेलको निर्णायक भएको थियो। आजको खेलको 'म्यान अफ दी म्याच' बिरुवागुठीका राकेश चौधरी घोषित भए। उनलाई स्थानीय समाजसेवी राजु विश्वकर्माले नगद, शिल्ड र प्रमाणपत्र प्रदान गरेका थिए। प्रतियोगिताको फाइनल खेल शनिवार हुने आयोजक कमिटीका सूचना प्रमुख कृष्णप्रसाद शर्माले बताए। आजको विजेता आयोजक बिरुवागुठी युथ क्लब, बडनिहार र हिजोको विजेता सिमरा युनाइटेड क्लबबीच फाइनल खेल हुने सूचना प्रमुख शर्माले जानकारी गराएका छन्।

## महिला खेलाडीलाई जनही रु अढाई लाख पुरस्कार

काठमाडौं, २९ कात्तिक/रासस

नेपाल क्रिकेट सङ्घ (क्यान)ले पहिलोपटक यू-१९ विश्वकपमा प्रवेश गरेको नेपाली महिला क्रिकेट टोलीका खेलाडीलाई प्रोत्साहनस्वरूप जनही रु दुई लाख ५० हजार पुरस्कार दिने घोषणा गरेको छ।

टीममा समावेश अफिसियलहरूलाई भने जनही रु एक लाख ५० हजार पुरस्कारबाट सम्मान गरिने क्यानका प्रवक्ता छुम्बी लामाले जानकारी दिए। संयुक्त अरब इमिरेट्स (युएई)को अजमानमा बुधवार सम्पन्न खेलमा घरेलु टोली युएईमाथि आठ विकेटको जीत निकाल्दै नेपालले पहिलोपटक यू-१९ विश्वकपमा ऐतिहासिक उपलब्धि हासिल गरेको थियो।

नेपालले छवटा खेलबाट १० अङ्क जोड्दै विश्वकपमा स्थान बनाएको हो। त्यस्तै, युएईले पनि समान खेलबाट समान १० अङ्क जोडे पनि नेपाल नेट रनरेटमा अगाडि रहँदै विश्वकपमा स्थान बनाउन सफल भएको हो। यू-१९ विश्वकप क्रिकेट सन् २०२५ मा मलेशियामा आयोजना हुँदैछ।

विश्वकपका साथै नेपाल यू-१९ एशिया कपका लागि पनि छनोट भएको छ। एसिसीको आयोजनामा आगामी डिसेम्बरमा हुने यू-१९ महिला एशिया कपका लागि पनि नेपाल छनोट भएको हो। यू-१९ एशिया कप क्रिकेटमा नेपालसँगै पाकिस्तान, भारत, श्रीलङ्का, बङ्गलादेश र मलेशिया सहभागी हुनेछन्।

# सनातन धर्म रक्षा मञ्चको सत्सँग गोष्ठी


तस्वीरः प्रतीक

प्रस, सिम्रौनगढ, २९ कात्तिक/

सनातन धर्म रक्षा मञ्चको ६९औं सत्सँग गोष्ठी बिहीवार सिम्रौनगढ नगरपालिका-८ कचोर्वाको बलुआटा मठमा सम्पन्न भएको छ। आत्मबोध समाज, हत्या-हिंसारहित, नशामुक्ति, भेदभावरहित समाज निर्माणको लागि गोष्ठी आयोजना गरिएको थियो।

मञ्चका अध्यक्ष ओमप्रकाश ठाकुरको अध्यक्षतामा भएको गोष्ठीमा वैकुण्ठप्रसाद जयसवाल, सञ्जय शास्त्री, राजमङ्गल बाबा, मेघनाथ वैरागी, महेन्द्रप्रसाद यादवलगायतले प्रवचन दिएका थिए। कार्यक्रमको शुरूमा भगवान् शिवको पूजा गरी महामृत्युञ्जय जाप, हवन र आरति तथा भण्डाराको आयोजना गरिएको थियो।

गोष्ठीमा विश्व हिन्दू परिषद् सिम्रौनगढ नगर अध्यक्ष रामविलासप्रसाद साह, सिम्रौनगढ नपाका पूर्वप्रमुख विजयशङ्कर यादवलगायत करीब दुई सयजना महिला तथा पुरुषको सहभागिता थियो। कार्यक्रमको सहजीकरण सचिव वैकुण्ठप्रसाद जयसवालले गरेका थिए।

# पाँच महिलासहित ५७ जनाद्वारा रक्तदान


तस्वीरः सौजन्य

प्रस, वीरगंज, २९ कात्तिक/रासस

विश्व मधुमेह दिवसको अवसरमा नेशनल मेडिकल कलेजले आयोजना गरेको रक्तदान कार्यक्रममा पाँच महिलासहित ५७ जनाले रक्तदान गरेका छन्।

कार्यक्रममा डा गुरुप्रसाद मैनाली, काजलकुमारी गुप्ता, सुधा कुमारी, सुरेश साह तेली, कुशल सुवेदी, डा सञ्जय साह, अर्शद आलम, जितेशचन्द्र दास, डा सरोजप्रसाद डिओलगायतले रक्तदान गरेको रक्तसञ्चार केन्द्र वीरगंजले जनाएको छ। कार्यक्रममा अभिलाष गुप्ता, कृष्ण निराला, विनेश चौधरी, नीरज चौधरीलगायतले प्राविधिक सहयोग गरेका थिए।

कलेजका प्रबन्ध निर्देशक शाहनबाज अन्सारीको अध्यक्षतामा भएको कार्यक्रममा प्राडा केएन सिंह, डा इसरत जहान, आबिद हुसैनलगायतको सहभागिता थियो।

## जलवायु परिवर्तनका असरबाट बचौं र बचाऔं

जलवायु परिवर्तनका असरलाई दृष्टिगत गरीः

- अनावश्यक ऊर्जाको खपत नगरौं,
- सुधारिएको चुलो, बायोग्याँस, सौर्य ऊर्जा जस्ता नवीकरणीय ऊर्जा प्रयोग गरौं,
- सकेसम्म विद्युत्बाट चल्ने सवारीसाधनको प्रयोग गरौं,
- वनजङ्गल संरक्षण र वृक्षारोपण गरौं,
- काम नलाग्ने सामानको पुनर्प्रयोग, पुनर्प्रशोधन गरौं,
- घरबाट निस्कने फोहोरलाई जथाभावी नफालौं,
- जैविक फोहोरलाई कम्पोस्ट मल बनाऔं,

**आफ्नो छरछिमेक र गाउँघरमा भएका परम्परागत ज्ञानलाई संरक्षण र प्रवर्द्धन गरौं।**

नेपाल सरकार
विज्ञापन बोर्ड